# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क ४० पूर्णाङ्क १३८ | २०७५ चैत १८ गते सोमबार | Monday, Apr. 1, 2019 | पृष्ठ ८ | मूल्य रु. १०|-


## क्रान्तिकारी पत्रकार महासंघको राष्ट्रिय सम्मेलन जेठ १६ र १७ मा




बुटवल । क्रान्तिकारी पत्रकार महासंघको केन्द्रीय सचिवालयको बैठकले संगठनको राष्ट्रिय सम्मेलन जेठको १६ र १७ गते ५ नं. प्रदेशको बुटबलमा गर्ने भएको छ। महासंघको शनिबार बुटवलमा सम्पन्न बैठकले यस्तो निर्णय गरेको हो । नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य

...बाँकी ७ पेजमा

# चैत्र २४ मा क्रान्तिकारी माओवादीले गर्दैछ शक्ति प्रदर्शन

## विशाल जनसभाका बीच देजमोको राष्ट्रिय सम्मेलनको उद्घाटन गरिने







काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले चैत्र २४ गते आन्दोलनको दोस्रो उत्कर्षको रुपमा काठमाडौंमा शक्ति प्रदर्शन गर्दैछ । शक्ति प्रदर्शनसँगै विशाल जनसभाका बीच पार्टीको क्रान्तिकारी संयुक्त मोर्चाको रुपमा रहेको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको राष्ट्रिय सम्मेलनको भव्य रुपमा उद्घटन गरिदैछ। यतिखेर क्रान्तिकारी माओवादीले आफ्नो सिंगो शक्तिलाई चैत्र २४ को जनप्रदर्शन तथा विशाल जनसभा अर्थात् मोर्चाको राष्ट्रिय सम्मेलनको तयारीमा केन्द्रित गरेको छ। क्रान्तिकारी माओवादीको बुटबल बैठकले संघर्षका कार्यक्रम अन्तर्गत फागुन १ गतेको देशव्यापी रुपमा गरिएको रेड मार्चपासलाई पहिलो उत्कर्ष, चैत्र २४ को शक्ति प्रदर्शनलाई दोस्रो र त्यसपछि गरिने आम हड्तालको कार्यक्रमलाई तेस्रो उत्कर्षको रुपमा अगाडि बढाउने निर्णय गरेको थियो। पार्टीको घोषित कार्यक्रम अनुसार चैत्र २४ को जनआन्दोलन दिवसलाई क्रान्तिकारी माओवादीले संघर्षकै रुपमा मनाउने तयारी गरेको हो ।

प्राप्त समाचार अनुसार चैत्र २४ को जनप्रदर्शन तथा विशाल जनसभालाई भव्य र प्रभावकारी बनाउन क्रान्तिकारी माओवादीले पार्टी समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, जबस-मोर्चा लगायत सिंगो शक्तिलाई परिचालन गरेको छ । काठमाडौं उपत्यसहित ३ नं. प्रदेशलगायत देशका मुख्य मुख्य भागबाट जनता केन्द्रित गर्ने तयारीलाई समेत व्यापक बनाएको छ। कार्यक्रमलाई लक्षित गरी अहिले प्रचार प्रसारलाई व्यापक बनाइएको छ। पोस्टरिङ, वालिङ, व्यानरिङ तथा उपत्यकाका मुख्य मुख्य स्थानमा गेट समेत बनाउने कामलाई तीव्र पारिएको छ ।

मोर्चाको राष्ट्रिय सम्मेलनलाई नै भव्य बनाउन मोर्चाको नेतृत्वमा १५ दिने मेची-महाकाली राष्ट्रिय जनजागरण अभियान सम्पन्न भइसकेको छ। र, मोर्चाका अधिकांश प्रदेश तथा जिल्लाहरूका भेला तथा सम्मेलन सम्पन्न गरिएका छन् ।

चैत्र २१ गते १ नं. प्रदेशको भेला सम्पन्न गरिदैछ भने प्रदेशभित्रका जिल्लहरूमा १८ गते उदयपुर, १७ भोजपुर, १७ गते सुनसरी र १९ गते झापाको भेला सम्पन्न हुँदैछ। मोरङ जिल्लाको यसअघि नै सम्मेलन सम्पन्न भइसकेको छ।

त्यसैगरी १६ गते मोर्चाको २ नं. प्रदेशको सम्मेलन सम्पन्न भएको छ। यस प्रदेशका रौतहट, बारा, पर्सा, सिरहा, सप्तरी, महोत्तरीलगायतका जिल्लामा भेला

...बाँकी ७ पेजमा

## २ नं. प्रदेशमा देजमोको सम्मेलन, युवा र मधेसी मोर्चाको भेला सम्पन्न



महोत्तरी । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको २ नं. प्रदेशको सम्मेलन सम्पन्न भएको छ। मोर्चाका केन्द्रीय

...बाँकी ७ पेजमा

## संयुक्त विद्यार्थी संगठनद्वारा शिक्षामन्त्रीको राजीनामा माग

काठमाडौं । एसईईको परीक्षाको प्रश्नपत्र बाहिरिएर हुन गएको गम्भीर लापरवाहीका कारणले लाखौं विद्यार्थीहरूको भविष्यमाथि गम्भीर खेलवाड भएको भन्दै ११ वटा विद्यार्थी संगठनहरूले संयुक्त रुपमा नैतिकताको आधारमा शिक्षमन्त्रीको राजीनामा र दोषीमाथि कारबाहीको माग गरेका छन् । शुक्रबार अखिल (क्रान्तिकारी)को केन्द्रीय कार्यालय बागबजारमा बसेको संयुक्त प्रतिपक्षी विद्यार्थी संगठनहरूको बैठकपछि विद्यार्थी संगठनका अध्यक्षहरूद्वारा हस्ताक्षर गरिएको संयुक्त विज्ञप्तिमा उक्त कुरा बताइएको छ ।



संयुक्त विज्ञप्तिको सुरुमा भनिएको छ-

...बाँकी ७ पेजमा

## भाषणले समृद्धि ल्याउँदैन : *महासचिव 'किरण'*

● **टेक मास्की**

बुटवल । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य 'किरण'ले वर्तमान सरकारबाट विकास र समृद्धि सम्भव नभएको दाबी गरेका छन् । उक्त कुरा उनले शनिवार बुटवलमा रिपोर्टर्स क्लव प्रदेश ५द्वारा आयोजित एक साक्षात्कारमा कार्यक्रममा बताएका हुन् ।

महासचिव किरणले 'भाषण र शब्दजालले मात्रै सम्बृद्धि आउँदैन, सरकारका गतिविधिले समृद्धिको लक्षण र संभावना देखाएनन्' भने । कार्यक्रममा महासचिव किरणले



प्रधानमन्त्री ओली–प्रचण्डको कडा आलोचना गरेका थिए। अहिलेको नाम मात्रको कम्युनिष्ट भनिएको सरकारले कम्युनिष्ट पार्टीकै

...बाँकी ७ पेजमा

## विदेशी लगानीकर्ताको दबाब

## 'एकल विन्दु सेवा केन्द्र स्थापना गर'




काठमाडौंमा सम्पन्न दुईदिने लगानी सम्मेलनमा नेपालले 'शोकेस'मा राखेका ७७ वटा परियोजनाहरूमध्ये मात्र १७ वटा परियोजनाहरूमा आँखा लगाएका विदेशी लगानीकर्ताहरूले नेपालको कर्मचारी तन्त्रमा रहेको ढिलासुस्तीको प्रक्रिया र कानुनी व्यवधानहरू तुरन्त हटाउन ओली सरकारलाई दबाब दिएका छन् । यदि यी व्यवधानहरू अध्यादेश मार्फत् नै भए पनि रातारात हटाएन भने आफूहरूले लगानीका लागि दिएको निवेदन अनुसार काम गर्न बाध्य नहुने उनीहरूको दाबी रहेको छ ।

विदेशी लगानीकर्ताहरूको एकसूत्रीय माग भनेको बिना ढिलाइ 'एकल विन्दु सेवा केन्द्र' स्थापनाको तयारीमा गरियोस् भन्ने हो । एकल विन्दु सेवा केन्द्र निर्माणका लागि ओली सरकारले लगानीका क्षेत्र र विषयसँग जोडिएका हरेक कुराहरू एकै ठाउँ र एउटै द्वारबाट

...बाँकी ४ पेजमा

# चैत्र २४ गते काठमाडौं जाऔं !

# क्रान्तिकारी विकल्पको तयारी गरौं !!

**जनसमुदायको नाममा जारी देजमोको अपिल**

आदरणीय जनसमुदाय, दिदीबहिनी तथा दाजुभाइहरू !

आगामी २०७५ चैत्र २४ गते काठमाडौंमा हुने विशाल जनसमुदायको उपस्थिति बहुआयामिक महत्वको हुनेछ । पहिलो, यो हामीले यही फागुन ७ गते देखि २१ गतेसम्म देशका विभिन्न भागमा सफलतापूर्वक सञ्चालन गरेको 'मेची - महाकाली जन जागरण अभियान' को उत्कर्ष हुनेछ । दोस्रो, यो जनविरोधी र राष्ट्रघाती सरकारलाई जनताको पक्षमा निर्णय गर्न बाध्य गराउनकालागि ठुलो जनप्रदर्शन हुनेछ । तेस्रो, राष्ट्रिय स्वाधीनताको रक्षा लगायत नेपाली जनताका तमाम समस्याको समाधान तथा देशमा आमूल परिवर्तनका निमित्त समर्पित क्रान्तिकारी मोर्चा, देशभक्त जन गणतान्त्रिक मोर्चा, नेपालको ऐतिहासिक राष्ट्रिय सम्मेलनको उद्घाटनको अवसर पनि हुने छ । चौथो, नेपालमा राजतन्त्र विद्यमान भएकै बेलामा गणतन्त्रको नारा स्थापित भएको ऐतिहासिक जनआन्दोलन दिवसको निरन्तरता हुनेछ। त्यसैले, हामी फेरि पनि आदरणीय जनसमुदायसँग अनुरोध गर्दछौं, यो अवसर नचुकाऔं !

"समृद्ध नेपाल र सुखी नेपाली"को कपोल कल्पित नारा दिई जनतालाई झुक्याएर बनेको केपी ओली नेतृत्वको यो कथित दुईतिहाई बहुमतको सरकारले जनतालाई के दियो त ? पहिलेका राष्ट्रघाती कार्यहरू यथावत छँदैछन् । भारतले छापेर पठाएको नक्कली नक्सा मन्त्रालयलगायत् सबै सरकारी कार्यालयमा टाँगिएका छन् । त्यसमा लिपुलेक, कालापानी, लिम्पियाधुरा नै भारतमा गाभिएको छ । यसको क्षेत्रफल ३७२ वर्ग किलो मिटर छ, जुन क्षेत्रफल हाम्रो भक्तपुर जिल्लाभन्दा धेरै हो। सातै प्रदेशले निकालेको नक्साको क्षेत्रफल जोड्दा समग्र नेपालको कुल क्षेत्रफलमध्ये १००१९ वर्ग किलोमिटर पुग्दैन । सरकारले किन मतलव राख्दैन ? यो सरकारले जनताले दैनिकरुपमा प्रयोग गर्ने उपभोग्य वस्तुको मूल्य ३०० प्रतिशतसम्म बढाउने काम गरेको छ, नेपाल आयल निगमलाई अघि सारेर। आयल निगम भ्रष्टाचारको केन्द्र बनेको सर्वविदितै छ ।

त्यतिमात्र होइन, जनताले थेग्नै नसक्ने गरी कर थोपरेको छ। करको कारण यहाँ जन्मन पनि डराउनु पर्ने र मर्न पनि डराउनु पर्ने अवस्था आएको छ। तीन तहका निकायहरूले तिनै गरीब जनतामाथि करको नाममा लुट मचाइरहेका छन्। भ्रष्टाचार संस्थागत भएको छ, खुला र हाकाहाकी हुने गरेको छ। यो लाखमा करोडमा होइन, अरबमा पुगिसकेको छ । वाइडबडी बिमानकाण्ड यसको प्रमाण हो । शिक्षा र स्वास्थमा भएको निजीकरण र माफियाकरणको कारण साधारण जनता शिक्षा र स्वास्थको अनिवार्य सुविधाबाट बंचित छन् । निर्मला पन्तका

...बाँकी ४ पेजमा

## सम्पादकीय

# ओली सरकारको सन्देहात्मक चरित्र नै लगानी अमैत्री

चैत्र १५ र १६ गते काठमाडौंमा भएको दुईदिने लगानी सम्मेलनमा नेपालले 'शोकेस'मा राखेका ७७ वटा परियोजनाहरूमध्ये १७ वटा परियोजनाहरूमा विदेशी लगानीकर्ताहरूले चासो लिए र लगानीका लागि निवेदन दिए। लगानीको सम्मेलनमा सरकारी शोकेसमा सजाइएका ५०वटा सरकारी र २७वटा निजी गरी ७७ वटा परियोनामध्ये विदशीका नजरमा जम्मा १७ वटा परियोजनाहरूमा आँखा परे ।

देश आफैमा स्वदेशी उत्पादनको कमी, आत्मनिर्भर अर्थतन्त्रको संकट, बढ्दो आयातमुखी क्रियाकलाप, सोधनान्तर घाटा आदि रहिरहेका बेलामा 'समाजवाद निर्माण'को दिशामा रहेको ओली सरकारले विदेशी लगानी सम्मेलनको आयोजना गर्न पुगेको थियो । नेपालमा ठूला विदेशी लगानी कर्ताहरूको एकतर्फी लगानी होइन, केवल सहयोगी हातहरू भएमा मात्र पनि प्रशस्त हुने कुरा चलिरहेका बेला ओली सरकारले विदेशी स्वामित्व, निर्णय, चलखेल र एकाधिकार कायम हुने गरी देशका बेच्न सकिने सबै स्रोतसाधनहरू बिक्रिका लागि शोकेसमा राखेको थियो ।

तर ओली सरकारको समाजवाद निर्माणको लक्ष्यसहित राखिएका ७७ वटा शोकेस परियोजनाहरूमध्ये मात्र १७ वटामा विदेशीका आँखा परे । यातायात पूर्वाधार, ऊर्जा, शिक्षा, कृषि, स्वास्थ्य तथा लजिस्टिकसम्बन्धी परियोजनामा उनीहरूका लगानीका निवेदनहरू परे । प्रधानमन्त्री ओलीले भने झैं 'भर्जिन ल्याण्ड'मा लगानीका लागि धेरैको आँखा परेनन् वा रुचीकर लागेनन् । प्रधानमन्त्रीले भने झैं र आशा गरे झैं भूराजनीतिक फाइदा विदेशीहरूले उठाइहाल्ने पनि देखेनन् ।

एकातिर विदेशीहरूले पनि लगानीको र मुनाफा असुलीको संभावना नदेख्ने र अर्कातिर स्वदेशी अर्थतन्त्र निर्माणका लागि कुनै पनि नीति र योजना पनि नल्याउने ओली सरकारले देशको अर्थतन्त्र चौपट बनाउनेतिर धकेल्दै लगेको अर्थविदहरूको आँकलन रहेको छ । ओलीले निर्धक्क भएर लानी गर्न अनुरोध गरे पनि सम्मेलनमा सरिक भएका विदेशी लगानीकर्ताहरूले केही प्रश्नहरू उठाए । त्यो प्रश्नको जवाफ र तदनुरुपको परिस्थिति ओली सरकारले निर्माण गर्नसक्नेमा उनीहरू विश्वस्त हुन सकेनन् ।

पहिलो कुरा त ओलीले असंलग्न परराष्ट्र नीति त्यागेर अमेरिकी खेमामा हाम फालेका छन् । यसले डुब्दै गएको अमेरिकी छत्रछाँयाको चित्र त्यति स्पष्ट देखाएन । दोस्रो कुरा, राजनीतिक रुपमा विदेशी शक्तिहरू अमेरिका, चीन, युरोपीय युनियन र भारत जस्ता महाशक्तिहरूको दाउँपेच र खेल उनीहरूले प्रष्ट बुझेका छन् । तेस्रो कुरा ओली र ओली सरकारमाथि विदेशी शक्तिहरूको थेग्न नसक्ने खालको दबाब र निर्देशन छ । चौथो कुरा, ओलीको सरकारले देशमा राजनीतिक पार्टीलाई एकलौटी रुपमा प्रतिबन्धको घोषणा गरी जबर्जस्त घरेलु युद्ध थोपरेको छ । यसले नेपालमा लगानी तथा त्यसको प्रतिफल प्राप्तीको संभावनालाई निकै अनिश्चित र धुमिल बनाएको छ । अर्कोतिर आशंका र कुहिरोमा ओली सरकारले यात्रा सुरु गरेको छ र भनेको छ ऊ समाजवाद निर्माणको दिशामा अघि बढिरहेको छ । यसका साथै नेपालको कर्मचारीतन्त्रमा रहेको लम्बेथान परंपरागत प्रक्रिया तथा आम नेपालीहरूको स्वदेशप्रतिको माया र ममताले पनि लगानीकर्ता विदेशीहरूको एकछत्र राज नसहने स्वभावहरू अन्य कारकका रुपमा रहेका छन् ।

एकातिर दलाल संसदीय बाटो अबलम्बन गर्दै र विदेशीका सामु आत्मसमर्पण गर्दै जाने अर्कोतिर समाजवाद निर्माणको झुट्ठा सपना जनताका बीचमा बाँड्दै जाने ओलस सरकारको सन्देहात्मक चरित्रमाथि पनि विदेशी लगानी कर्ताहरू आश्वस्त हुन सकिरहेका छैनन् । यसका साथै, ओली सरकारले स्वदेशमा नै स्वदेशी लगानीकर्ताहरूका लागि विश्वासको ढोका खोल्न सकिरहेको छैन । स्वदेशी लगानीकर्ताहरूले नेपाली पैसा लिएर विदेशम लगानी गरिरहेका छन् । आफ्नै घर सम्हाल्न र घरायसी समस्या समाधानको भेउ पाउन नसक्ने ओलीलाई विदेशी लगानीकर्ताहरूले पत्याएनन् । 'आफैत महादेव उत्तानो पर, कसलाई दिने बर' भने झैं ओली र उनका सरकारका सिङ न पुच्छरका क्रियाकलापहरू देखेर विदेशी लगानी कर्ताहरू लगानी सम्मेलनमा सहभागी भए पनि लगानी सहभागिताका लागि निकै हच्किएका छन् ।

यसबाट विदेशीको लगानीमा समाजवाद निर्माणको आशा बाँडिरहेको ओली सरकार निकै निराश हुन पुगेको छ । विदेशी लगानी ओहिर्‍याएर स्वदेशमा दोहोरो अंकको आर्थिक बद्धि सजिलै कायम गरिने जिकिर गरिरहेको ओली सरकार अब निकै आर्थिक संककटमा फस्दै र भासिदै जान थालेको छ । पछिल्लो चरणमा मेलम्चीको खाने पानी सहित हाइड्रो पावरमा काम गरिरहेका विदेशी निर्माण तथा ठेकेदार कम्पनीहरू नेपालमा काम गर्न नसकेर पलायन भएपछि नेपाल विदेशी लगानीको अघोषित 'ब्ल्याक लिष्ट'मा परेको छ ।

ओली सरकारले दुईतिहाई बहुमतको सरकार बनेको, राजनीतिक स्थिरता कायम भएको र लगानीका लागि उत्तम वातावरण सिर्जना भएको र लगानी र लगानी कर्ताको मुनाफा सुनिस्चितताका लागि ऐनकानुहरू परिमार्जन गरिएको भन्दै जतिसुकै आश्वस्त पार्न खोजे पनि विदेशी लगानीकर्ताहरू लगानीका लागि आकर्षित हुन सकेनन् । यसमा सबैभन्दा बढी ओलीसरकारको सन्देहात्मक राजनीतिक चरित्र नै बाधकका रुपमा देखा परेको छ ।


## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।
४. लेख वा समाचार पठाएपछि ९८६०५०३९८३/९८५११३४८३० वा ०१-४७८५७६३ मा फोन गरी जानकारी गराउन हुन अनुरोध छ।

सम्पादन विभाग, वर्गदृष्टि मिडिया

परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।
www.moolbato.com


# युवावर्ग क्रान्तिकारी डफ्फाका अग्रदूत



पुष्पगोपाल श्रेष्ठ

*जनवादी क्रान्तिलाई पूर्णतामा ढाल्नु, साम्राज्यवाद, विस्तारवाद, सामन्तवाद तथा दलाल नोकरशाही पुँजीवादलाई ध्वस्त पार्नु, नेपालको वर्तमान अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नव औपनिवेशिक स्थितिलाई बदलेर नेपालमा संघीय जनगणतन्त्रात्मक व्यवस्था स्थापना गर्नु छ । सिङ्गै देशका युवाहरूले यसैका निम्ति प्रयत्न गर्नुपर्छ*

२०५२ फाल्गुण १ को दीर्घकालीन जनयुद्ध राष्ट्रघाती सरकारविरुद्ध लक्षित थियो । एउटा त्यस्तो सरकारविरुद्ध लक्षित थियो, जसले साम्राज्यवाद तथा विशेषतः भारतीय विस्तारवादसँग साँठगाँठ गर्दै उनको नीति निर्देशनअनुसार राष्ट्रिय हितलाई बेच्दथ्यो र जनतामाथि अत्याचार गर्दथ्यो । यस्तो सरकारको विरुद्ध संघर्ष गर्नु र लड्नु आवश्यक थिएन ? आवश्यक थिएन भने २०५२ फाल्गुण १ को जनयुद्ध गलत थियो । के कुरा टड्कारो छ भने यस्तो सरकारविरुद्ध लड्नै पर्छ, राष्ट्रघाती सरकारको तख्ता पल्टाउनै पर्छ । तर उक्त राष्ट्रघाती जनतामारा संसदीय सत्ता ढल्दैगर्दा, दक्षिणपन्थी अवसरवादी नेता तथा कार्यकर्ताहरूको गद्दारीले गर्दा, उल्टो जनवादी क्रान्तिलाई गम्भीर धक्का दिई पछिल्तिर धकेल्न पुगेको थियो ।

वर्तमान देशको राजनैतिक वस्तुस्थिति पूर्व माके एमालेमा बिलय हुन पुगेपछि निर्माण गरिएको यो कथित बाम तथा कम्युनिष्ट सरकारले विकास र समृद्धिका जति राग अलापे पनि देश र जनताका राष्ट्रिय स्वाधीनता र जनजीवीकाका समस्या समाधान गर्ने कुरो उसको बसमा छैन भन्ने कुरो त वर्तमान सरकारको नीति, कार्यक्रम र बजेटले नै दिनको घाम जत्तिकै प्रष्ट पारिसकेका छन् । भन्नुको मतलव, उक्त नीति, कार्यक्रम र बजेटको खास मक्सद भन्नु नै दलाल नोकरशाही पुँजीपतिवर्ग तथा सामन्तीहरूको सेवामा समर्पित रहेको छ ।

यतिखेर हामीले तयारि गर्दै गरेको क्रान्तिको सारवस्तुहरू, युवा वर्गमा यथेष्ट रुपले स्पष्ट हुने गरी राखिदिनु पर्छ, जसले गर्दा उनीहरूमा क्रान्तिकारी हौसला बुलन्द भई आत्मबलिदानीसाथ क्रान्तिको ज्वाला बनी निरन्तर क्रान्तिकारी पथमा अघि बढ्न सकून् नेपाली क्रान्ति केका विरुद्ध लक्षित छ ? क्रान्तिका निशानाहरू के के हुन् ? एउटा निशाना साम्राज्यवाद, विस्तारवाद हो र अर्को निशाना सामन्तवाद तथा दलाल नोकरशाही पुँजीवाद हो । अहिलेको हाम्रो क्रान्तिका निशानाहरू के के हुन् ? एउटा निशाना भारतीय विस्तारवाद हो र अर्को निशाना विस्तारवादका नेपाली दलालहरू हुन् । क्रान्तिको निम्ति हामीले भारतीय विस्तारवाद र नेपाली देशद्रोहीको तख्ता पल्टाउनै पर्छ । अब आउँछ कुरो, क्रान्ति गर्नेहरू को हुन् ? क्रान्तिको मुख्य शक्ति के हो ? ती नेपाली आम जनसमुदाय हुन् । अनि क्रान्तिका प्रेरक शक्तिहरू भनेका सर्वहारावर्ग, किसान समूदाय र साम्राज्यवाद, विस्तारवाद र दलाल नोकरशाही पुँजीवाद तथा सामन्तवादको विरोध गर्न चाहने अरु वर्गका सदस्यहरू हुन्, साम्राज्यवाद, विस्तारवाद, सामन्तवाद तथा दलाल नोकरशाही पुँजीवादको विरोध गर्ने क्रान्तिकारी शक्तिहरू यिनै हुन् ।

युवा वर्गमा प्रस्टिनु पर्ने कुरो, नेपालको वर्तमान चरणमा हाम्रो अभिभारा समाजवाद लागु गर्नु होइन, वर्तमान चरणको हाम्रो अभिभारा हो दक्षिणपन्थी नवसंशोधनवादमा पतन हुनु पुगेका ती गद्दारहरूको धोखाधडीले गर्दा नेपालमा नयाँ जनवादी क्रान्तिले गम्भीर धक्का खाई अधुरो रहिरहेको थियो र आज त्यही जनवादी क्रान्तिलाई पूर्णतामा ढाल्नु, साम्राज्यवाद, विस्तारवाद, सामन्तवाद तथा दलाल नोकरशाही पुँजीवादलाई ध्वस्त पार्नु, नेपालको वर्तमान अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नव औपनिवेशिक स्थितिलाई बदलेर नेपालमा संघीय जनगणतन्त्रात्मक व्यवस्था स्थापना गर्नु छ । सिङ्गै देशका युवाहरूले यसैका निम्ति प्रयत्न गर्नुपर्छ ।

०६३ सालमा जनयुद्धको जनमा उठेको दोस्रो जनआन्दोलनले राजतन्त्रलाई उखेलेर फालेन र ? फालेको हो, तैपनि त्यो क्रान्ति कुन अर्थमा विफल थियो भने यसले राजालाई सत्ताबाट मुन्ट्याएता पनि, यसले नेपाललाई साम्राज्यवाद, विस्तारवाद, दलाल नोकरशाही पुँजीवाद तथा सामन्तवादी उत्पीडनमै छाडिदियो, जसले गर्दा साम्राज्यवादविरोधी, विस्तारवाद विरोधी, दलाल नोकरशाही पूँजीवादी तथा सामन्तवादी विरोधी क्रान्तिकारी अभिभारा अधुरै रह्यो । यसो हुनुको कारण के थियो त ? यसो हुनुको मुख्यतः दुईता कारणहरू छन् । एउटा कारण हो, क्रान्तिकारीहरू दक्षिणपन्थी नवसंशोधनवादीको धुर्त्याइपूर्ण कार्यविधिबाट पूरै बेखबर भनेजस्तो भई बस्नु । दोस्रो कारण हो, युवा बुद्धिजीवीहरू र विद्यार्थीहरूमा बढि भरपर्नु, मुख्य शक्तिमाथि त्यति भर नगर्नु । उसोभए मुख्य शक्ति कुन हो त ? मजदुरहरू र किसानहरू मुख्य शक्ति हुन् । हामी जनसंख्याको ९० प्रतिशत भएका मजदुरहरू र किसानहरूको माझमा जानैपर्छ र तिनलाई सञ्चालित र संगठित गर्ने तर्फ विशेष जोड गर्नुपर्छ ।

मजदुरहरू रकिसानहरूको यो मुख्य शक्ति बेगर साम्राज्यवाद, विस्तारवाद, सामन्तवाद तथा दलाल नोकरशाहि पूँजीवाद विरोधि हाम्रो संघर्षमा विजय प्राप्त गर्न सक्दैनौ । तन्नेरी बुद्धिजीवीहरू र विद्यार्थीहरू माथि मात्र भर परेर हामी यस संघर्षमा विजय प्राप्त गर्न सक्दैनौ । त्यसैले देशभरिका तन्नेरि बुद्धिजीवीहरू र विद्यार्थीहरूले मजदुरहरू र किसानहरूका व्यापक जनसमूहहरूसँग एकतावद्ध भएर एक ज्यान हुनुपर्दछ । र त्यसपछि मात्र एउटा बलियो शक्ति, करोडौं मानिसहरूको एउटा शक्तिको सिर्जना गर्न सकिन्छ र हाम्रो संघर्षमा विजय प्राप्त गर्न सकिन्छ ।

यसो भनेर फेरि देशमा भएका सम्पूर्ण युवा, तन्नेरी बुद्धिजीवी, विद्यार्थीहरू सबका सब क्रान्तिकारी नै हुन भन्न सकिन्न । त्यसभित्र क्रान्तिविरोधी वा प्रतिक्रान्तिकारीहरू पनि हुन सक्छ । क्रान्तिकारी हो कि होइन भनी कसरी छुट्याउने त ? त्यसको निमित्त भरपर्दो उपाय एक मात्र "कसी" हुनसक्छ, त्यो हो ऊ मजदुरहरू र किसानहरूका जन-समुहसँग घनिष्ट रुपले गाँसिन तयार छ कि छैन र व्यवहारमा त्यसो गर्छ कि गर्दैन । ऊ त्यसो गर्न तयार छ र साँचि नै त्यसो गर्छ भने क्रान्तिकारी हो, होइन भने ऊ अक्रान्तिकारी वा प्रतिक्रान्तिकारी हो । फेरि आज ऊ मजदुरहरू र किसानहरूका जनसमूहसँग घनिष्ट रुपले गाँसिन्छ भने आज ऊ क्रान्तिकारी हुन्छ, भोलि ऊ यसो गर्न छाड्छ वा यसको उल्टो बाटो समातेर उसले साधारण जनतालाई दबाउँछ भने ऊ अक्रान्तिकारी वा प्रतिक्रान्तिकारी बन्दछ । त्यसैले कुनै मानिस सच्चा क्रान्तिकारी हो कि झुटा हो, ऊ सच्चा मार्क्सवादी हो कि झुटा मार्क्सवादी हो भनेर लेखाजोखा गर्नु र ठहऱ्याउनु पर्दा मजदुरहरू र किसानहरूका ब्यापक जनसमुहसँग उसको कस्तो सम्बन्ध छ भन्ने कुरा मात्र पत्ता लगाउनु पर्छ, अनि ऊ कस्तो खालको मान्छे हो भन्ने कुरा थाहा भइहाल्छ । यो नै एकमात्र कसी हो, अर्को कसी छँदै छैन ।

हामीले हाम्रो नेपालमा संघर्ष गर्दै आएको झन्दै आज सात दसक वित्नै लाग्दासम्म पनि अझै किन आफ्नो लक्ष प्राप्त गर्न नसकिरहेको हो ? यसका खास कारणहरू के के हुन् ? कारण स्पष्ट छ । शत्रुको शक्ति अचाक्लि बलियो हुनु, हाम्रो शक्ति अचाक्लि कमजोर हुनु । शत्रु (साम्राज्यवाद र अरेलु प्रतिक्रियावाद) का शक्ति बलियो हुनुको कारण के हो भने, यिनीहरूको आपस्तमा कयन अन्तरविरोध हुँदाहुँदै पनि कम्युनिष्ट (क्रान्ति) विरोधी क्याम्पमा यिनीहरूको एकमत छन् । हाम्रो शक्ति कमजोर हुनुको कारण मुख्यतः हामी आफै भित्र चल्दै आएका फूट, निस्क्रियता, निराशा तथा यथास्थिति, दक्षिणपन्थी अवसरवाद, आधुनिक संशोधनवाद र नवसंशोधनवाद ...बाँकी ७ पेजमा

झर्रोटर्रो kailubraha73@gmail.com कैलुब्राह

# लगानी लगाऊ, सकेको लैजाऊ

मिस्टर उखानप्रसादको सरकारले यतिखेर नेपाल मण्डलमा लगानी सम्मेलनको आयोजना गरेको छ । हिजैबाट काठमाण्डु खाल्टोमा रहेको पाँचतारे सोल्टीमा यो सम्मेलन सुरु हुँदैछ । सम्मेलनमा सहभागी हुन पृथ्वी मण्डलका चालीस देशका साढे छ सय अरब खरबपति पैसावालहरू आउने कुरो सरकारको कमण्डलु बोर्ड (उर्फ लगानी बोर्ड)का कट्वालेबाट थाहा हुन आएको छ। पृथ्वी मण्डलका दातामाताहर्ले पैसा ल्याएर यहाँ लगानी खन्याएर उद्योग कारखाना घन्काएर बन्दव्यापार चम्काएर पैसा जति लुँड्याएर आआफ्ना मुलुकतिर गुइँठ्याए भने नेपाल मण्डल समृद्ध हुनेछ ।

पृथ्वी मण्डलका अरू मुलुकमा समृद्धि ल्याउन आफैँले विकास निर्माण गर्न पर्च तर नेपाल मण्डलमा भने अरूले विकास गरिदिएपछि देश समृद्ध हुन्छ । यो बडो गजबको काइदा छ । यो हो एक्काइसौँ शताब्दीको विकासे काइदा। कस्तो मज्जाको काइदा। बनैको चरो बनैको ढुङ्गो ।अर्कालाई कज्याएर आफू समृद्ध हुने । नेपाली शाषकका वुद्धिको करामत पनि हो यो । यसलाई एक्काइसौँ शताब्दीको जनवाद र जनताको बहुदलीय जनवादको फ्युजनबाट पैदा भएको कन्फ्युजनको अर्थनीति पनि भनिन्छ । फ्युजनबाट कन्फ्युजन गरेर कमिसन कमाउने काइदा। यसमा हुन्छ पार्टी र नेतालाई फाइदै फाइदा ।

पृथ्वी मण्डलका धेरै विकसित मुलुकहर्ले आफ्नो देशको विकास गर्दा गर्दा आफ्नो देशका नदीनाला, हिमालपाहाड, खोलाखोल्सी, ढुङ्गामाटो, खानीखनिज, बनजङ्गल, जडिबुटी, पेट्रोलियम खानी, मनुखेका गिदी र पाखुरा आदि इत्यादि सबै रित्याएर खोक्रो पारिसके । हुँदा हुँदा तिनका देशमा लाग्ने घामपानी, हावाहुरीलाई पनि कमारो बनाएर विकासमा लगाइसके । नेपाल मण्डलमा त यी सबै पर्कि्तिले दिएका साधन स्रोत सबै जसका तस छन् ।

अब तिनलाई दुहुने काम मात्रै बाँकी छ । त्यसैले नेपाल मण्डलको सरखारले पटक पटक लगानी लगाऊ तिनको हुर्मत लिएर आफ्नो देश पाल, अलिअलि चारो हाम्लाई पनि हाल भनेर आह्वान गरिरन्च । पैला पैलाका सरखारले पनि यस्तो आग्रह अनुरोध या हारगुहार गरेकै हो । त्यै भएर ऐलेको उखाने सरखारले पनि लगानी सम्मेलन गर्दै छ । नेपाल मण्डलको सरखारले यसरी लगानी लगाउन आउने दातामाताहर्लाई केकेमा लगानी लगाउने हो त भनेर योजना बनाउनका लागि कमण्डलु बोर्ड पनि गठन गरेको छ ।

निज कमण्डलु बोर्डले सतहत्तर वटा कमण्डलु छुट्टाएको छ । त्यसलाई लगानीको भाषामा पैसा खन्याउने धोक्रो भनेपनि हुन्च । पानीबिजुली, उडन्ते कार (उर्फ केबुल कार), यो पशुपतिनाथको मुलुक भएकाले उनलाई चढाउने सोमरस (उर्फ रक्सी, बियर) चुरोट, सुर्ती (किनकि पशुपति भोलेनाथलाई भाङधतुरो चाहिने भएकाले), होटल रिसोट (नेताहर्लाई बेलाबखत बैठक गोष्ठि आदि इत्यादि गर्न आवश्यक पर्ने भएकाले), सिमेन्टी कारखाना, दुकानहरू जस्ता अति उत्तम पैसा कमाउने थलोमा लगानी गर्ने व्यवस्था सरखारी कमण्डलु बोर्ड अर्थात् यसलाई सरखारले लगानी बोर्ड पनि भन्च, हो त्यसले छुट्टाएको छ ।

यस्ता नाना प्रकारका नन्दी भ्रिङ्गी क्षेत्रमा लगानी लगाएर नेपाल मण्डलका नदीनाला, बनजङ्गल, खानीखनिज, जडिबुटी, ढुङ्गामाटो, आदि इत्यादि सबै सबै रित्याएर धुलीधङ्कड पारेर पैसासैसा सबै सोहरेर लैजान नेपाल सरखारले विशेष आग्रह, अनुरोध र अनुनय विनय गरेको छ । यसरी नेपालमा थोरै लगानी लगाएर धेरै लुटेर लैजाने सुवर्णाती सुवर्ण भन्दा पनि अझ बढ्ता हिरक अवसर प्राप्त छ । यसरी विदेशी दातामाताहर्ले जति छिटो जति धेरै लुट्न सक्यो त्यति छिटो नेपाल मण्डल समृद्ध हुने र त्यो समृद्धिले नेपालमा बसोबास गर्ने रैथाने मनुवाहरू सुखी रहने छन् । यो हाम्रा सम्मान्ने पर्धानमन्तरी मिस्टर उखानप्रसादको घोषणा हो ।

नेपालमा लगानी लगाएर उद्योग ब्यापार गर्ने पैसावाल मनुखे पनि छैनन् । पूँजीवादी जमानामा सरखारले लगानी लगाएर उद्योगधन्दा र बन्द ब्यापार गर्ने कुरो पनि भएन । सरखारको काम त कमिसन खाने, विदेश भ्रमण गर्ने, विभन्न कार्यक्रमको उद्घाटन गर्ने, रिबन काट्ने, पाटीका बैठक चलाउने, किचलो मच्चाउने आदि इत्यादि गर्ने हो । पाखुरा भएका र वुद्धि भएका ठिटाठिटीहरू सबै विदेश गए । बचेखुचेका ठिटाठिटीहरू कोही थानीय सरखारका मुखिया भएका छन्, कोही घरघडेरी कारोबारमा लागेको हुनाले उनीहर्लाई अरू क्यै गर्ने फुर्सदै छैन ।

त्यै भएर लगानी गर्न विदेशी दातामाताहर्लाई बोलाउनु परेको कुरा सरखारका ढिकुटीमन्तरीले बताएका छन् । नेपाल मण्डलमा पर्कितीले अथाह उपहार दिएका सबै साधन स्रोत उपयोग नभएको हुनाले तिनको दोहन गरेर पैसा हसुर्ने राम्रो अवसर छ। हामी नेपालीहर्लाई काम नलागेका यस्ता साधन स्रोत जस्ले सक्छ उस्ले लुटे हुन्च । अहिले उदारवादी जुग भएको र नेपाल सरखारले उदारवादलाई समृद्धिको गायत्री मन्त्र बनाएको हुनाले पृथ्वी मण्डलका जो कसैलाई पनि यहाँ आएर लुटेर लैजान खुला छुट छ।

त्यसैले 'लगानी लगाऊ, सकेको लैजाऊ' भन्ने नारा का साथ नेपाल सरखारले लगानी सम्मेलनको आयोजना गरेको छ। आगे लुट्नेहर्को मर्जी ।

*१६ चैत २०७५*

# मार्क्सवादको उदात्त आदर्श र हतियार हाम्रो विजयको मूल आधार हो



❑ **मोहन वैद्य 'किरण' महासचिव- नेकपा (क्रान्तिकारी माओवादी)**

***महासचिव कमरेड, देशभित्र अहिले सोचिएकाभन्दा फरक घटनाक्रमहरू सामुन्ने आएका छन् । पछिल्लो कालखण्डमा विकसित घटनाक्रमलाई कसरी विश्लेषण गर्नुभएको छ ?***

अहिले देशमा केही फरक खालका राजनीतिक घटना क्रमहरू घट्दै आएका छन् । यस सन्दर्भमा सीके राउतको रिहाइ, रेशम चौधरी लगायतकाहरूलाई दिइएको सजाय र विप्लव नेतृत्वको नेकपामाथि लगाइएको प्रतिबन्ध जस्ता विषय बढी उल्लेखनीय देखिन्छन् ।

***सिके राउतसँगको ११ बुँदे सहमति, कैलाली घटनामा रेशम चौधरीलगायत ११ जनालाई गरिएको जन्मकैदको सजाय, विप्लव नेतृत्वको नेकपामाथि सरकारले लगाएको प्रतिबन्धलगायतका विषयको क्रान्तिकारी माओवादीले कडा विरोध गर्दै आएको छ । यी समस्याहरू के हुन् र कसरी समाधान गरिनु पर्दथ्यो ?***

सीके राउतसित अप्रत्यासित रुपमा ११ बुँदे सहमति गरियो । डबल नेकपाको नेतृत्व पंक्ति र प्रतिपक्षी राजनीतिक दललाई पनि थाह नै नदिई गरिएको त्यस प्रकारको सहमति आशंकाको घेराभित्र रहेको छ । सो सहमतिको गम्भीर विषय भनेको द्विअर्थी लाग्ने र जनमतसंग्रहको छनक दिने 'जनअभिमत' भन्ने विवादास्पद पदावली हो । सो सहमति गरेकै बेला प्रधानमन्त्रीसमक्ष सीके राउतले राज्यद्वारा जनमतसंग्रहको सम्प्रभुतालाई स्वीकार गरिएको भनेर बोले ।

परन्तु, त्यसबारे प्रधानमन्त्री ओलीबाट कुनै पनि प्रतिवाद गरिएन । यो देशको राष्ट्रिय स्वाधीनता, सम्प्रभुता र सार्वभौमिकतासित सम्बन्धित गम्भीर प्रकृतिको मुद्दा र समस्या हो । यो त्यत्तिकै हचुवाको भरमा हल हुन सक्ने विषय पनि होइन । यसले प्रधानमन्त्रीप्रति गम्भीर प्रकारको आशंका जन्माएको छ । कैलाली टीकापुरको हत्याकाण्डसित सम्बन्धित रेशम चौधरीलगायतका ११ जनालाई दिइएको जन्मकैद सजाय अत्यन्तै विडम्बनापूर्ण रहेको छ । कैलालीको त्यो घटना राजनीतिक प्रकृतिको रहेको छ । राजनीतिक आन्दोलन र विरोध प्रदर्शनका क्रममा घटिएको त्यो घटना कसले घटायो भन्ने स्पष्ट छैन, राजनीतिक आन्दोलनसित जोडिएकाले त्यो घटनालाई अदालती प्रक्रियामा लैजानु सरकारको प्रतिशोधको भावनाले काम गरेको छ । त्यसो गरिनु हुन्न र त्यसलाई राजनीतिक रुपमा समाधान गरिनुपर्दछ ।

जहाँसम्म विप्लव नेतृत्वको नेकपामाथि सरकारद्वारा प्रतिबन्ध लगाइएको विषय हो, त्यो नितान्त गलत छ र यसबाट सरकार फासीवादको अभ्यास गर्न गइरहेको कुरा प्रष्ट हुन्छ । सरकारले उक्त प्रतिबन्ध फिर्ता लिनुपर्छ, विप्लव नेतृत्वको नेकपालाई राजनीतिक दलका रुपमा लिई त्यसप्रति राजनीतिक व्यवहार गरिनुपर्दछ । राजनीतिक समस्याको समाधान दमन र प्रशासनिक रुपमा होइन, राजनीतिक रुपमै गरिनुपर्दछ ।

***खासगरी सिके राउत र उनीसँग सरकारले गरेको सहमतिलाई अमेरिकाको इन्डो-प्यासिफिक रणनीतिसँग जोडेर व्याख्या गर्ने गरिएको पाइन्छ । यहाँहरूको अध्ययन तथा विश्लेषण के छ ?***

सरकारद्वारा सिके राउतसित गरिएको सहमति अमेरिकाको इण्डो-प्यासिफिक रणनीतिसित जोडिएको हुनसक्छ । यसलाई गम्भीरतापूर्वक लिनुपर्दछ । यो सामान्य प्रकारको सहमति जस्तो लाग्दैन ।

***अमेरिका सिधै नेपाल पस्दैछ भनेर यहाँले धेरै ठाउँमा भन्दै आउनु भएको छ । अमेरिकाको नेपालमा प्रत्यक्ष र हस्तक्षेपकारी उपस्थितिले नेपालको समग्र राजनीति र क्षेत्रीय राजनीतिमा के कस्तो असर पार्ने देख्नुहुन्छ ?***

अमेरिकाले इण्डो-प्यासिफिक रणनीतिअन्तर्गत एकातिर नेपालमा आफ्नो चलखेल बढाउने र अर्कोतिर चीनलाई घेरामा हाल्ने सोच बनाइरहेको छ । यसले निश्चित रुपमा दूरगामी हिसाबले नकारात्मक असर पार्दै जाने देखिन्छ । यसलाई नेपाली जनता, सरकार र विभिन्न पार्टीहरूले के कसरी बुझ्छन् र के कस्तो भूमिका निर्वाह गर्छन् ती कुरा पनि ध्यान दिन योग्य छन् । जे होस्, यसबारे थप गम्भीर र सचेत बन्नुपर्दछ ।

***नेपाल अहिले त्रिदेशीय स्वार्थको चेपुवा र तानातानमा परेजस्तो देखिन्छ । नेपालका शासकहरूले छिमेक तथा विदेश नीतिमा कुटनीतिक सन्तुलन कायम गर्न सकेको देखिएको छैन । शासकहरू विदेशी स्वार्थको गोटी बन्दै जाँदा नेपालको समग्र भविष्य कस्तो देख्नुहुन्छ ?***

अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक अवस्थामा रहिआएको नेपाल बाह्य शक्ति केन्द्रहरूको चेपुवा र तानातान पर्नु त कुनै अनौठो होइन । तर यहाँ सरकारको कूटनीति, विभिन्न राजनीतिक दलहरूको व्यवहार र जनताले खेल्ने भूमिकाको विशेष महत्व र अर्थ हुन्छ । सरकार जोसित कुरा गऱ्यो, त्यसैसित ठीक्क मिल्छ त्यसलाई राजनीति के हो, कूटनीति के हो केही पनि थाहा छैन । कसले कहाँ फसाउने हो, त्यसको पनि कुनै चिन्ता गर्दैनन् । पुराना सरकार विदेशका गोटी बन्दै आएका छन् र अहिलेको सरकार पनि त्यही नै हो । यसबारे देशभक्त तथा क्रान्तिकारी कम्युनिष्टहरू सचेत र सतर्क बन्नु पर्दछ । नेपाली जनसमुदाय देशको राष्ट्रिय स्वाधीनता रक्षाको निम्ति संघर्षशील रहिआएका छन् । नेपालको समग्र भविष्य समुज्ज्वल छ ।

***प्रसंग बदलौं, विप्लव नेतृत्वको नेकपालाई क्रान्तिकारी माओवादीको हेर्ने दृष्टिकोण के हो ?***

विप्लव नेतृत्वको नेकपालाई हेर्ने हाम्रो दृष्टिकोण भौतिकवादी द्वन्दवाद हो, त्यस समूहका कमीकमजोरी वा दुर्बल पक्षको हामीले सैद्धान्तिक रुपमा आलोचना तथा विरोध र सबल पक्षलाई प्रोत्साहित गर्दछौं ।

***वार्ता टोलीसमेत निर्माण गरी कार्यगत एकता र पार्टी एकताका प्रक्रियाहरू अगाडि बढाइएका थिए । त्यो किन अगाडि बढ्न सकेन ?***

विप्लव नेतृत्वको नेकपासित कार्यगत एकता र पार्टीको एकताको आवश्यकता प्रक्रियाबारे हामीले गम्भीर जिम्मेवारीबोधका साथ निरन्तर पहल गऱ्यौं । परन्तु, उहाँहरूले विषयलाई गम्भीरतापूर्वक लिनु भएन ।

***क्रान्तिकारी माओवादी र विप्लव नेतृत्वको नेकपाबीच रहेका सैद्धान्तिक वैचारिक तथा नीति कार्यक्रमहरूमा रहेका भिन्नताहरू के हुन् र विप्लव नेतृत्वको नेकपा लगायत अन्य क्रान्तिकारी समूह तथा व्यक्तिहरूसँगको एकताको आधार के हुन सक्छ ?***

विप्लव पक्षसित मार्क्सवाद-लेनिनवाद-माओवादलगायतका कतिपय विषयमा समान समझदारी भए पनि नेपाली क्रान्तिको आधार भूत कार्यक्रम, नीति र कार्यदिशाका बारेमा हाम्रा कैयौं भिन्नताहरू पनि छन्, उहाँहरू नेपाली क्रान्तिको वर्तमान चरणमा कहिले एकैसाथ नयाँ जनवाद तथा समाजवाद दुवै र कहिले समाजवाद भन्नुहुन्छ । अनि उहाँहरूले भन्ने गरेको एकीकृत जनक्रान्तिको कार्यदिशा अत्यन्त अमूर्त, अस्पष्ट र रहस्यमय देखिन्छ ।

त्यसैगरी उहाँहरू सत्ता साझेदारीको कुरा गर्दै आउनुभएको छ । त्यो पनि के हो अस्पष्ट छ । अनि उहाँहरूले मजदुर वर्गको ठाउँमा मध्यमवर्गलाई क्रान्तिकारी बताउनुहुन्छ । त्यस्तै उहाँहरू उत्तर-साम्राज्यवादको कुरा गर्नुहुन्छ । उत्तर साम्राज्यवादी पदावलीले त साम्राज्यवाद समाप्त भएको भन्ने अर्थ दिन्छ । उहाँहरूको के कुरा हो, त्यो पनि स्पष्ट छैन । भिन्नताका कुरा यस्तै यस्तै छन् । यी विषयबारे हाम्रो कहिल्यै स्पष्ट र खुला छलफल र बहस भएको छैन ।

जहाँसम्म विभिन्न क्रान्तिकारी कम्युनिष्ट समूहहरूसित पार्टी एकताको आधारहरूको कुरा हो, ती मूलतः यी हुन् : (१) मार्क्सवाद, लेनिनवाद, माओवाद (२) नयाँ जनवाद (३) बल प्रयोगको सिद्धान्त (४) जनवादी केन्द्रीयताको मान्यता ।यी पार्टी एकताका मोटामाटी आधार हुन् । यस अतिरिक्त अन्तर ष्ट्रिय र नेपाली कम्युनिष्ट आन्दोलनसित सम्बन्धित विषयमा पनि समान समझदारी हुन जरुरी छ ।

***नेपाली कम्युनिस्ट आन्दोलनभित्र क्रान्तिकारी धारको मूल नेतृत्व तथा शिखर व्यक्तित्वको हैसियतमा यहाँले छरिएर रहेका सबै कम्युनिस्ट क्रान्तिकारी शक्तिहरूलाई एक ठाउँमा ल्याउन पहलकदमी पटक पटक गर्नुभयो र गरिरहनु भएको छ । यसमा के कस्ता चिन्तन र प्रवृत्तिहरूले अवरोध उत्पन्न गरिरहेका छन् ?***

हो, यस सम्बन्धमा पहलकदमी बारम्बार तथा निरन्तर गरिएको छ । यस प्रक्रियामा अवरोध पैदा हुनुमा मूलतः वैचारिक तथा राजनीतिक कारणहरूले काम गरेका छन् । अझै ठोसरुपमा भन्नुपर्दा सम्बन्धित पक्षको मूल नेतृत्वपंक्तिमा विद्यमान केही संकीर्णता, केही अहम् र दक्षिणपन्थतिरको सन्निकटकताजस्ता चिन्तन र प्रवृत्तिले काम गरेको देखिन्छ ।

***नेकपा (क्रान्तिकारी माओवादी)ले क्रान्तिको आम कार्यदिशा भनेर नयाँ जनवादी क्रान्ति भनेको छ । क्रान्ति पूरा भयो, बन्दुकको औचित्य सकियो, अब आर्थिक क्रान्तिको पालो हो भनेर कम्युनिस्टकै आवरणमा एकथरि मानिसहरूले कोकोहोलो मच्चाइरहँदा संक्षिप्तमा नयाँ जनवादी क्रान्तिका आधारहरूबारे प्रष्ट पारिदिनुस् न ।***

कम्युनिष्ट आवरणमा रहेका कतिपय तत्वहरूले नेपालमा राजनीतिक क्रान्ति पूरा भएको अब आर्थिक क्रान्ति गर्नुपर्छ भनेर कोकोहोला मच्चाइरहेका छन् । राजनीतिक क्रान्ति र आर्थिक क्रान्ति बेग्लाबेग्लै चरणमा गरिने क्रान्ति होइनन्, ती एउटै समग्रताका भिन्न पक्ष हुन् । वस्तुतः नेपालमा नयाँ जनवादी क्रान्ति अझै सम्पन्न भएको छैन । नेपालमो नेपाली जनवादी क्रान्ति गर्नु वा हुनुपर्ने आधार वा कारण मूलतः यी हुन् : पहिलो, हाम्रो देश अझै पनि अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा मूलतः नवऔपनिवेशिक अवस्थामा छ ।

आन्तरिक रुपमा यहाँको प्रतिक्रियावादी शासकवर्गले वैदेशिक प्रतिक्रियावादसित साँठगाँठ गरेर आफ्नो आयु लम्ब्याएको छ भने बाह्य रुपमा यहाँ राजनीतिक, आर्थिक, सामाजिक तथा सामरिक क्षेत्रमा विभिन्न प्रकारका हस्तक्षेप जारी नै छन् । भारतीय विस्तारवादसित गरिएका व्यापार, पारवहन, जलविद्युतलगायत तमाम क्षेत्रमा भए गरिएका असमान सन्धिहरू कायमै छन् । दोस्रो, यहाँ एकातिर दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्तवर्ग र अर्कोतिर साम्राज्यवाद तथा विस्तारवादको दोहोरा शोषण उत्पीडन कायमै छ ।

तेस्रो, यहाँ स्वतन्त्र राष्ट्रिय अर्थतन्त्र र औद्योगिक पुँजीको विकास हुन सकेको छैन, दलाल तथा नोकरशाही पुँजीको आधिपत्य छ । चौथो, यहाा अझै पनि भूमि समस्याको समाधान भएको छैन । जमिनमाथि सामन्ती उत्पीडन तथा निर्वाहमुखी कृषि प्रणाली कायमै छ । कृषिको आधुनिकीकरण तथा व्यावसायीकरण हुन सकेको छैन । किसानहरू अझै मुक्त हुन सकेका छैनन् । पाँचौं, यहाँ महिला, दलित, जनजाति, मुस्लिम तथा मधेसी समुदाय उत्पीडनको मारमा छन् । क्षेत्रीय उत्पीडन र असन्तुलन कायमै छन् । छैठौं, यहाँ राष्ट्रियता, जनतन्त्र र जनजीविकाका आधारभूत समस्याहरूको अझै समाधान हुन सकेको छैन । उक्त सबै आधारहरूमाथि ध्यान दिंदा यहाँ नयाँ जनवादी क्रान्तिको आवश्यकता अझै छ ।

***नयाँ जनवादी क्रान्तिको तयारी क्रान्तिकारी माओवादीले कसरी गरिरहेको छ ? क्रान्तिका कार्यनीतिक स्टेपहरूमा पार्टी अलमलिएको र अकमर्ण्यतामा फसेको हो कि भन्ने पनि इतर वृत्तबाट आउने गरेका छन् । यसबारेमा स्पष्ट पारिदिनुस् न ।***

हामी आफ्नै किसिम र तरिकाले नयाँ जनवादी क्रान्तिको तयारीमा लागिरहेकै छौं । हाम्रो कार्यक्रम, नीति तथा कार्यदिशासम्बन्धी सोच र मान्यता पनि मूलतः सही नैं छन् । यी विवषयमा परस्थितिको आरोह-अवरोध जटिलतासितै विकास पनि गर्दै जानु पर्दछ । जहाँसम्म कार्यनीतिको स्टेपहरूमा अल्मलिएको र अकर्मण्यतामा पार्टी फसकेको हो कि भन्ने प्रश्न छ । यसलाई दुई ढंगले हेर्दा र बुझ्दा राम्रो हुन्छ ।

पहिलो कुरा त हामीममा केही कमी-कमजोरी तथा सीमा पनि छन् । तिनलाई सच्याउँदै र तिनमा विजयहरूसित गर्दै जानुपर्छ । दोस्रो, अहिले हामी एकातिर अजङ्गको दक्षिणपन्थी, अवसरवादी पहाडलाई फोर्दै र अर्कोतिर निम्न पुँजीवादी अधैर्यका बारबन्धनहरूलाई तोड्दै क्रान्तिको बाटो खन्न गइरहेका छौं । अझै हामी क्रान्तिका बाङ्गाटिङ्गा गोरेटा र घोरेटा हुँदै अगाडि बढ्नुपर्दछ । हाम्रो गन्तव्य स्पष्ट छ र भविष्य समुज्ज्वल छ ।

***नेपालको भूराजनीतिक विशिष्टता र क्रान्तिको मोडलका बारेमा संक्षिप्तमा बताइदिनुस् न । किन नेपालको वाम वा लोकतान्त्रिक आन्दोलनमा इण्डिया हाबी र निर्णायक भइरहन्छ ? स्वतन्त्र हैसियतमा नेपालमा किन राजनीतिक आन्दोलनहरू निर्णायक बन्न सकिरहेका छैनन् ? यसलाई कसरी चिरेर जान सकिन्छ ?***

भूराजनीतिक विशिष्टता नेपाली क्रान्तिका निम्ति अवश्य नै एउटै विशिष्ट मननीय विषय हो । त्यसैले नेपाली क्रान्तिको मोडेल पनि नेपालकै भूराजनीतिका विशिष्ट तथा आधारित हुन्छ । रुसी, चिनी वा अन्य कुनै मोडेल हाम्रा निम्ति आदर्श पिसन हुन सक्छन्, सन्दर्भ पनि हुनसक्छन् ।

तर जे-जस्तो भए पनि नेपाली क्रान्तिको मोडेल विशिष्ट अर्थमा नेपाली नै हुन्छ । हो, इण्डिया भावी हुने कुराले हाम्रो टाउको दुखाएकै छ । आफ्नै पहल र आफ्नै खुट्टामा उभिएर स्वतन्त्र राजनीतिका आन्दोलनलाई निर्णायक बनाउन राजनीतिक, सामाजिक, आर्थिक तथा सामरिक पक्ष र राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विशिष्टता र समग्रतामा रणनीति र कार्यनीतिका श्रृंखलाहरूको विकास र विन्यास गर्नुपर्छ ।

यस निम्ति हामीमा कसैसित नझुक्ने अदम्य साहस तथा संकल्प र क्रान्तिकारी दृढता तथा लचकताको द्वन्दात्मक संयोजन आवश्यक पर्दछ । नेपाली क्रान्तिका भूविशिष्टताबाट पैदा हुने प्रतिकूलतालाई भूराजनीतिक विशिष्टताकै अनुकूलतामा ढाल्न सकिन्छ र ढाल्नु पर्दछ । किनकि जहाँ प्रतिकूलता छ, त्यहाँ अनुकूलता पनि हुन्छ । द्वन्दवादले हामीलाई यही सिकाउँछ ।

***हालै पार्टीको संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको नेतृत्वमा मेची-महाकाली अभियान सञ्चालन गरेको छ र २४ मा वृहत् जनप्रदर्शनसहित भव्य रुपमा राष्ट्रिय सम्मेलनको पनि तयारी भइरहेको छ । पार्टीले संयुक्त मोर्चालाई कुन रुपमा अगाडि बढाउन खोजेको हो ? यसबारे बताइदिनुस् न ।***

पार्टीले संयुक्त मोर्चा (क) वर्गीय, जातीय, लैङ्गिक, क्षेत्रीय, सांस्कृतिलगायतका पक्षलाई समेटी प्रतिनिधित्वको व्यवस्था मिलाउन, (ख) यसलाई राष्ट्रियता, जनतन्त्र तथा जनजीविकामा समस्यालाई लिएर आन्दोलनको सम्वाहक शक्ति बनाउन, (ग) जनताका बीचमा फैलाउन र (घ) गतिशील एवं सक्रिय रुपमा अगाडि बढाउन चाहेको छ ।

***लामो समयदेखि राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयहरूलाई लिएर यहाँहरूले साना ठूला आन्दोलनका कार्यक्रमहरू दिँदै आउनु भएको छ । तर यो सरकारले सुनेको छैन । अब यो राज्य वा सरकारले सुन्ने गरी यी मुद्दाहरूलाई कसरी लिएर जानुहुन्छ ?***

जनविरोधी सरकारको एउटा मूल विशेषता नै जनआन्दोलनका कुरा नसुन्नु र बहिरो हुनु नै हो । यस कुरालाई हामीले बुझि राख्नु पर्दछ । तर पनि सरकारलाई राष्ट्रियता, जनतन्त्र, जनजीविकालगायतका जनआन्दोलनका मुद्दा सुन्ने बनाउनका लागि हामी लोसे भएर हुँदैन, जुझारु बन्दै जानुपर्दछ । जुझारु जनआन्दोलन, वर्गसंघर्ष र जनप्रतिरोधको संघर्षलाई विकसित गर्दै लग्नु पर्दछ ।

***यहाँले पार्टीभित्र र बाहिर पनि क्रान्तिकारी रुपान्तरणका निम्ति सबै कम्युनिस्ट क्रान्तिकारीरु गम्भीर बन्ने बेला आइसक्यो भन्दै आउनु भएको छ । यसबारेमा स्पष्ट पारिदिनुस् न ।***

क्रान्ति सही रुपान्तरणको निम्ति एकातिर आवश्यक परिस्थिति तयार पार्दै र अर्कोतिर सुदृढीकरणको योजना बनाई कार्यान्वयन गर्दै जानुपर्दछ । यो विषय केही जटिल छ । तर हामीले जटिलताको सामना गर्नैपर्दछ । यसै क्रममा पार्टीमा शुद्धीकरण आन्दोलन सञ्चालन गर्दै जानु पर्दछ ।

***अन्तमा, प्रतिक्रियावादी, संशोधनवादी तथा अवसरवादीहरू सुदृढ हुँदै गएको र वास्तविक कम्युनिस्ट क्रान्तिकारीहरू छिन्नभिन्न हुँदै अस्तित्व रक्षाको संकट झेलिरहेको अवस्थामा नेपालको सिंगो कम्युनिस्ट क्रान्तिकारी आन्दोलन तथा माओवादी आन्दोलनले, महान् सहिद तथा वेपत्ता योद्ध परिवार, कम्युनिस्ट पक्षधर आम जनताले यहाँ र यहाँले नेतृत्व गरेको नेकपा (क्रान्तिकारी माओवादी)लाई निकै ठूलो आशा र विश्वासको नजरले हेरेको देखिन्छ । इतिहासको यो घडीमा ती सबै पक्षलाई यहाँले के अपिल तथा आह्वान गर्न चाहनुहुन्छ ?***

प्रतिक्रियावादी तथा संशोधनवादीहरू बलियो र क्रान्तिकारी कम्युनिष्ट कमजोर बन्न गएको अहिलेको यथार्थ नै हो । तर, यो क्षणिक तथा अस्थायी कुरा हो । यद्यपि अहिले हामीले गम्भीर संकट झेल्नु परेको छ, तर क्रान्तिकारीहरू संकटकै सामना गरेर सच्चा क्रान्तिकारी बन्न सक्दछन् र बन्नु पर्दछ । हामीसित मार्क्सवाद-लेनिनवाद-माओवादको अपराजय सैद्धान्तिक हतियार छ र यही हतियार भिरेर हामी आफ्नो गन्तव्य मार्क्सवादको उदात्त आदर्श प्राप्त गर्न सक्दछौं र यही हतियार नै हाम्रो विजयको मूल आधार हो ।

क्रान्तिमा सहिदहरूले बगाएको रगत खेर जाँदैन । महान् जनयुद्धका शहादत प्राप्त गर्ने र राज्यद्वारा बेपत्ता पारिएका योद्धाहरूका परिवारजनको उच्च सम्मान गर्दै म उहाँहरूसित के अनुरोध गर्दछु भने वीरयोद्धाहरूको शहादत र पराक्रमबाट हामीलाई क्रान्तिको बाटोमा अगाडि बढ्न निन्तर प्रेरणा प्राप्त भइरहने छ । ढिला या चाँडो हामीले नेपाली धर्तीमा क्रान्ति सम्पन्न गरेरै छाड्ने छौं । हाम्रो पार्टी क्रान्तिको बाटोमा निरन्तर अगाडि बढिरहने छ र जनताका मुक्तिका सपनालाई साकार बनाउने छ ।

# बिगेसोको वैचारिक सांस्कृतिक कार्यक्रम बुटवलमा भव्य रुपमा सम्पन्न

बुटवल। ब्रिटिश गोर्खा भूतपूर्व सैनिक संगठन (बिगेसो)द्वारा देशका मुख्य मुख्य सहरहरूमा अभियानका रुपमा सञ्चालन गरिएको वैचारिक सांस्कृतिक कार्यक्रम बुटवलमा भव्य रुपमा सम्पन्न भएको छ। राजधानी सहर काठमाडौं, पर्यटकीय नगरी पोखराहुँदै देशका मुख्य सहरहरूमा लगिएको यो अभियान बुटवलमा पुग्दा निकै भव्य र आकर्षक रुपमा सम्पन्न हुन गएको छ।

बुटबल कार्यक्रममा प्रमुख अतिथिका रुपमा रहेका नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण'ले सरकार दुईतिहाईको दम्भ बोकेर तानाशाही बाटोमा अघि बढिरहेको बताएका छन्। उक्त कुरा ब्रिटिश गोर्खा भूतपूर्व सैनिक संगठन (बिगेसो) को आयोजनामा बुटवलमा आयोजित एक वैचारिक सांस्कृतिक कार्यक्रमलाई सम्बोधन गर्नेक्रममा बताएका हुन्।

उनले रेशम चौधरी, सिके राउत र विप्लव सम्बन्धी घटनाहरूले सरकार तानाशाही बाटोमा हिंडेको पुष्टि भएको दाबी समेत् गरेका छन्। ब्रिटिश गोर्खा भूतपूर्व सैनिक संगठन (बिगेसो) को आयोजनामा बुटवलमा आयोजित वैचारिक सांस्कृतिक कार्यक्रमलाई महासचिव किरणले प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै महासचिव वैद्यले सिके राउतसँग अचानक सहमति गर्नु, रेशम चौधरीलाई आजीवन जेल हाल्नु अनि विप्लव नेकपालाई प्रतिबन्ध लगाउनु गलत भएको बताए।

सत्तासिन दलहरूले आफ्नो इतिहास भुलेको भन्दै उनले भने- '२०२८ मा झापाको बन्दुकले माले, एमाले हुँदै केपी ओलीलाई प्रधानमन्त्री बनायो। १० वर्षे जनयुद्धको बन्दुकले प्रचण्ड माथि पुगे, अहिले तिनीहरूकै सरकारले विप्लव नेकपालाई प्रतिबन्ध लगायो, यो सरकारको दमनकारी नीति हो। राजनीतिक कुरा राजनीतिक ढंगले टुंग्याउनु पर्छ, प्रतिबन्धलगाएर होइन।

'सिके राउतसँगको सहमतिमा सरकार जनमत संग्रह गर्न तयार भएको हो कि होइन भनी महासचिव वैद्यले प्रश्न समेत गरेका छन्। द्वन्द्वात्मक भौतिकवाद, सर्वहारावर्गको अधिनायकत्व, वर्ग संघर्ष र निरन्तर क्रान्तिको मान्यतालाई आत्मसात् नगर्ने पार्टी कम्युनिस्ट पार्टी हुनै नसक्ने नेता वैद्यले बताए।

'कम्युनिष्ट भन्ने सत्तामा बसेको छ, म त यो सरकारलाई कम्युनिस्ट भन्दिन, हुँदा पनि होइन,' उनले भने।

कार्यक्रमलाई देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय सचिव परि थापा, आदिवासी जनजाति राष्ट्रिय आन्दोलनका प्रवक्ता डा.ओम गुरुङ, नेकपा क्रान्तिकारी माओवादीका पीवीएम केबी गुरुङ, बिगेसोका अध्यक्ष पदमसुन्दर लिम्बु लगायतले बोलेका थिए। कार्यक्रममा जनवादी गायक जीवन शर्मा, दलबहादुर विक, राष्ट्रिय कलाकार मनु नेम्वाङ, दीपक लिम्बु, मिना बुढाथोकी, रुपा पुनसहित स्थानीय कलाकारको पनि प्रस्तुति रहेको थियो ।

## देजमो कञ्चनपुर र डडेलधुराको जिल्ला भेला सम्पन्न

कञ्चनपुर । देशभक्तजन गणतान्त्रिक मोर्चा, नेपालको कञ्चनपुर र डडेलधुराको जिल्ला भेला सम्पन भएको छ। कञ्चनपुरको भेलाले १७ सदस्यीय जिल्ला कमिटि चयन गरेको छ । भेलाले संयोजकमा बिष्णुराम दमाई र सदस्यहरू चन्दलाल चौधरी, उमेश चौधरी, शंकर विक, मदन बिष्ट, सन्देस पाण्डे, भोजराज भण्डारी, भिम चन्द, सुरज मल्ल, राम बहादुर चौधरी, दिपक महरा, सिद्ध राज भट्ट, भुवनसिंह धामी, दलबहादुर ठकुल्ला लगायत रहेका छन्।

कार्यक्रममा प्रमुख अतिथि नेकपा (क्रान्तिकारी माओवादी) सुदुरपश्चिम ईन्चार्ज चन्द्रहरी सुवेदी अटल र अतिथिहरूमा देजमो सुप संयोजक राम बहादुर केसी, क्रान्तिकारी माओवादी कञ्चनपुर ईन्चार्ज क्षितिज, कञ्चनपुर सेक्रेटरी हरि सुवेदी, अखिल क्रान्तिकारी केन्द्रीय कमिटि सचिव राम बहादुर महरा लगायतका नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो।

त्यसैगरी मोर्चाको डडेधुरा जिल्लाको भेलाले बमबहादुर सिंहको संयोजकत्वमा १७ सदस्यीय जिल्ला कमिटि निर्वाचित गरिएको छ । जिल्लाको पर्शुराम नगरपालिका जोगबुडा लिपुलेक होटलमा सम्पन् भेलाले संयोजकमा बहादुर सिंह, सचिवमा गंगा राम बिक र सदस्यहरूमा मनोज भट्ट, धन बहदादुर थापा, प्रेम धामी, अर्जुन बराल, मणिक राज भट्ट, डम्मर ठकुराठी, सोभा भट्ट, ईस्वरी थापा, प्रेम रैकाल, राज बोहरा, खेम राज जोशी, गोरेक सिनाललगायतलाई चयन गरेको छ।

कार्यक्रममा प्रमुख अतिथि नेकपा (क्रान्तिकारी माओवादी) सुदुरपश्चिम ईन्चार्ज चन्द्रहरी सुवेदी अटल र अतिथिहरूमा पार्टीका कञ्चनपुर ईन्चार्ज क्षितिज, देजमो केन्द्रीय सदस्य बिष्णुराम दमाई, पार्टीका डडेधुरा सेक्रेटरी लालकिरण लगायतका नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो।

मोर्चाको चैत्र २४ को राष्ट्रिय सम्मेलनलाई लक्षित गरी अहिले ७ नं. प्रदेशका जिल्लाहरूमा मोर्चाका भेला तथा सम्मेलन तीव्र गतिमा भइरहेका छन्। प्राप्त जानकारी अनुसार आइतबारै मोर्चाको प्रदश भेला सम्पन्न भएको छ।

## ओखलढुंगा जनसम्पर्क मञ्चको अध्यक्षमा अर्जुन बोगटी

काठमाडौं। ओखलढुंगा उपत्यका जिल्ला जनगणतान्त्रिक सम्पर्क मञ्चको प्रथम सम्पर्क भेला भव्य रुपमा सम्पन्न भएको छ। काठमाडौंमा सम्पन्न उक्त भेलाले अर्जुन बोगटीको अध्यक्षतामा ५१ सदस्यीय सम्पर्क समिति गठन गरेको छ । भेलाले समितिको उपाध्यक्षमा क्रमशः प्रेम बहादुर बुढाथोकी, कुमार पुर्वेली, कमल बुढाथोकी, चन्द्र बोगटी, फुर्तेम्बा शेर्पा र पेशल कार्कीलाई चयन गरेको छ। सचिवमा नवीन बुढाथोकीलाई चयन गरेको छ भने सहसचिवमा क्रमशः आकाश बुढाथोकी, दीपक बुढाथोकी, रामबहादुर बुढाथोकी, मिलन श्रेष्ठ, कुमार खत्री, गोविन्द थिङ्ग, दीपक दाहाललाई चयन गरेको छ। त्यसै गरी समितिको कोषाध्यक्षमा सिर्जना कार्कीलाई चयन गरेको छ।

भेलाले कार्य समितिका निर्वाचित पदाधिकारीहरूसहित ५१ सदस्यीय कमिटी निर्वाचित गरेको छ। कार्यक्रममा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा विशेष अतिथिहरूको पनि उपस्थिति पनि रहेको थियो।

कार्यक्रममा सहभागी अतिथि, विशेष अथिति तथा सहभागी सबैलाई प्रदेश नम्बर ३ संपर्क मञ्चका संयोजक तथा नेकपा माओवादीका केन्द्रीय समिति सदस्य वसन्त बोगटीद्वारा फेसबुक मार्फत् आभार प्रकट गर्नुका साथै सभागी सबैलाई धन्यवाद ज्ञापन गरिएको छ। साथै, अभियानमा अहोरात्र लागि रहने ओखलढुंगाका जुझारु युवा सहयोद्धाहरूलाई कार्यकालको सफलताका लागि शुभकामना समेत् व्यक्त गरिएको छ।

सम्पर्क मञ्चको यो भेलालाई सार्थक एवम् ऐतिहासिक बनाउन युवा नेताहरू कुमार बोगटी र विष्णु खड्काको विशेष भूमिका रहेको चर्चा पनि गरिएको छ।

### एकल...

एकै समयमा उपलब्ध गराओस् भन्ने हो। यो सेवा उपलब्ध नगराउँदासम्म विदेशीहरूले उनीहरूको चासोअनुसार लगानी गर्न चाहेको परियोजनाबाट हात झिक्न सक्ने संभावना भएकाले यसका लागि ओली सरकार रातारात तयारीमा लागेको छ। यसका लागि आवश्यक पर्ने कानुन रातारात भए पनि अध्यादेशद्वारा निर्माण गरिने ओली सरकारले लगानीकर्ताहरूलाई आश्वासन पनि दिइसकेको छ।

सम्मेलनमा शोकेसमा सजाइएका ५०वटा सरकारी र २७वटा निजी गरी ७७ वटा परियोनामध्ये विदशीका नजरमा जम्मा १७ वटा परियोजनाहरूमा मात्र आँखा पर्नु र त्यसमा पनि आशंका व्यक्त गरिनुले ओली सरकार असामाञ्जस्यतामा परेको छ। यातायात पूर्वाधार, ऊर्जा, शिक्षा, कृषि, स्वास्थ्य तथा लजिस्टिकसम्बन्धी परियोजनाका विविध परियोजनामा मात्र यी १७ वटा निवेदनहरू परेका हुन्।

आत्मनिर्भर अर्थतन्त्रको विकास हुन नसकेका कारण दिनदिनै ओह्रालो लाग्दै गएको देशको अर्थतन्त्रका कारण शोधनान्तर घाटा निकै बढ्न गएको छ। देश परनिर्भर र आयातमुखी बन्दै गएको छ। स्वदेशी उत्पादनको कमी, आत्मनिर्भर अर्थतन्त्रको संकट, बढ्दो आयातमुखी क्रियाकलाप, सोधनान्तर घाटा आदि रहिरहेका बेलामा 'समाजवाद निर्माण'को दिशामा रहेको दम्भ प्रदर्शन गरिरहेको ओली सरकारले विदेशीले लगानी गरेमा स्वदेशी अर्थतन्त्र दोहोरो अंकमा पुग्ने हावादारी गफ चुटिरहेको छ। नेपालमा ठूला विदेशी लगानी कर्ताहरूको एकतर्फी लगानी होइन, केवल सहयोगी हातहरू भएमा मात्र पनि प्रशस्त हुने कुरा चलिरहेका बेला ओली सरकारले विदेशी स्वामित्व, निर्णय, चलखेल र एकाधिकार कायम हुने गरी देशका बेच्न सकिने सबै स्रोतसाधनहरू बिक्रिका लागि शोकेसमा राखेर लिलाम बढाबढमा लागेको छ।

लगानीको आह्वान गर्दै गर्दा घरेलुरुपमा सिर्जित राजनीतिक स्थिरताका बारेमा पनि विदेशी लगानीकर्ताबाट प्रश्न उठाइएको छ। राजनीतिक पार्टीमाथि प्रतिबन्ध लगाएर प्रहरी तथा फौज परिचालन गरी देशमा जबर्जस्त युद्ध थोपरेको अवस्थामा लगानी सुनिस्चित हुन र गरिन नसक्ने पनि लगानीकर्ताहरूले सुझावका रुपमा राखेका छन्। सरकारले नेपाल प्रतिस्पर्धात्मक रुपमा बढी मुनाफामुखी देश भनेर लगानीकर्तालाई हौस्याउन खोजे पनि प्रधानमन्त्री ओलीले नेपालको सेना परिचालनको अख्तियारी आफ्नो हातमा लिन खोजेको प्रति लगानीकर्ता सशंकित रहेका छन्।

अर्कोतिर, नेपालको कर्मचारीतन्त्रको लम्बेथान र वर्षौंसमय लिने प्रक्रिया रातारात एकल विन्दु सेवा केन्द्रमा आउला भनेर लगानीकर्ता आश्वस्त देखिएका छैनन्। उनीहरूले यही कारणले पनि लगानी सुरक्षित देखिरहेका छैनन्।

### चैत्र २४ गते...

बलात्कारी र हत्याराहरूलाई सार्वजनिक गरिएको छैन, किनकि त्यसमा सरकार र सत्ताधारी पार्टीका माथिल्लो स्तरका मानिस संलग्न छन्। साढे ३३ किलो सुन तस्करी काण्डमा एकजना नेपालीको हत्या समेत भैसकेको छ, केयौं जेलमा छन्, विचित्रको कुरा त्यो सुन नै गायब छ।

प्रधानमन्त्री एक्लैको निर्णयले सेना परिचालन गर्न पाउने कानूनी व्यवस्थाको लागि सदनमा विधेयक प्रस्तुत गरिएको छ। सरकारले राजनीतिक पार्टीमाथि प्रतिबन्ध लगाउने काम सुरु गरेको छ। यस प्रकार यो सरकारले फासीवाद लागु गर्ने स्पष्ट संकेत हो भन्ने देखिन्छ। यी सबै हुँदाहुँदै पनि संसदको प्रतिपक्ष निरीह छ। यति धैरै राष्ट्रघात र जनघात गर्दा पनि दुईतिहाई बहुमत भएको यो सरकारलाई संसदीय दायरा भित्रबाट हटाउन सकिने संभावना छैन। त्यसकारण, यो सरकारलाई हटाउने एक मात्र उपाय हो, सडक आन्दोलन। उपरोक्त विकराल समस्याहरू के पी ओलीलाई हटाएर संसद भित्रका अन्य कसैलाई त्यो कुर्सीमा राख्दा हुन्छ त ? त्यसबाट पनि समस्याको समाधान संभव छैन।

देश यस प्रकार विकराल अवस्थाबाट गुज्रिरहेको अवस्थामा विशाल मात्रामा जनताको उपस्थितिले देशैलाई एउटा निकास दिन सक्दछ। कार्यक्रममा विभिन्न पार्टी र संगठनका नेताहरूका विचार सुन्ने र मन्थन गर्ने काम हुने छ। देश बचाउनका लागि पनि यस प्रकारका कार्यक्रमको आवश्यकता छ। देश र जनताका अगाडि उपस्थित यी यावत् समस्या समाधानका लागि यो संविधान र यो राज्यव्यवस्थाको विकल्प खोज्नु आवश्यक छ। हामीले मेचीमहाकाली जनजागरण अभियानकै बेला स्पष्ट पारिसकेका छौं कि यो लोकतान्त्रिक गणतन्त्र यहाँका दलाल पुँजीपति वर्ग, नोकरशाही पुँजीपति वर्ग र सामन्तवर्गको गणतन्त्र हो। हामीलाई त्यसको सट्टा जनताको गणतन्त्र चाहिन्छ, त्यो भनेको जनगणतन्त्र हो। संघीयता नेपालको सन्दर्भमा अत्यावश्यक छ, तर अहिलेको संघीयता मात्र होइन, धर्म निरपेक्षता पनि नक्कली प्रकारको छ।

त्यसैले, राष्ट्रिय स्वाधीनताको रक्षा, वास्तविक जनतन्त्रको स्थापना र जनजीविकाका समस्याको समाधानका लागि संघीय जनगणतन्त्र नै अहिलेको अग्रगामी विकल्प हो। जनताको बृहद् एकता र जनआन्दोलनबाट मात्र यसलाई प्राप्त गर्न सकिन्छ। त्यसैले हामी सम्पूर्ण जनसमुदायलाई चैत्र २४ गते काठमाडौं आएर विशाल जनसभामा सहभागी हुनका लागि विनम्र अनुरोध गर्दछौं।

*स्थानः भृकुटी मण्डप (भद्रकाली नजिकै)*
*मितिः २०७५ चैत्र २४ गते, दिनको ११ बजे*

## अखिल क्रान्तिकारीको मङ्गोलदय बहुमुखी क्याम्पसमा कमिटि गठन

काठमाडौं। नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)ले थानकोट स्थित मङ्गोलदय बहुमुखी क्याम्पसमा मूल इकाई कमिटि गठन गरेको छ। क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको एक भेलाले तुलसा न्यौपानेको नेतृत्वमा १५ सदस्यीय मूल इकाई कमिटी गठन गरेको हो । भेलामा संगठनका जिल्ला अध्यक्ष संघर्ष दाहाल, पार्टीका चन्द्रागीरी नगर इन्चार्ज सुरेश तामाङ तथा संगठनका पूर्व महासचिव राम नेपालीको उपस्थिति रहेको थियो।

## जनजाति महासंघ २ नं. प्रदेशको भेला सम्पन्न

बर्दिवास, महोत्तरी । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल आदिवासी जनजाति महासंघको २ नं प्रदेशको भेला सम्पन्न भएको छ। ९ गते बर्दिवासमा सम्पन्न भेलाले तुलबहादुर बलम्पाकीको नेतृत्वमा ११ सदस्यीय प्रदेश समिति निर्माण गरेको छ। भेलाले संगठनको अध्यक्षमा तुलबहादुर बलम्पाकी, उपाध्यक्षमा मानबहादुर तामाङ, सचिवमा प्रेम भुजेल, कोषाध्यक्षमा देवानन्द चौधरी र सदस्यहरूमा सुर्यनारायण चौधरी, हरिभक्त लामा, ब्रम्हदेव चौधरी, मोहन बहादुर तामाङ, झम्मदोर्जे तामाङ, शंकर चौधरी, रामबहादुर रानालगायतलाई निर्वाचित गरेको छ । भेलाको प्रमुख आतिथ्यता महासंघका केन्द्रीय अध्यक्ष कमल चौधरीले गरेका थिए। भेलामा क्रान्तिकारी युवा लिग २ नं. प्रदेशका संयोजक गंगा महतो, महासंघका केस अछ्मीत चौधरीलगायतको उपस्थिति रहेको थियो।


**नव वर्ष २०७६ को**
उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

**जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?
जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने गाउँपालिका वा नगरपालिकाको स्थानीय पञ्जिकाधिकारी कहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं।

अध्यक्ष– सन्तोष तिगेला

**छथर गाउँपालिका परिवार, तेह्रथुम**



**नव वर्ष २०७६ को**
उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

**जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?
जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने गाउँपालिका वा नगरपालिकाको स्थानीय पञ्जिकाधिकारी कहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं।

अध्यक्ष– यादव खापुङ

**मेन्छ्यायेम गाउँपालिका परिवार, तेह्रथुम**



**नव वर्ष २०७६ को**

उपलक्ष्यमा देशविदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

प्रोप्राइटर
यान प्रसाद अधिकारी

**आर. एण्ड सी. बिल्डर्स परिवार**

गोकर्णेश्वर नगरपालिका-५ काठमाडौं
randcbuilders35@gmail.com



**सडक प्रयोगकर्ताहरूमा**

**विशेष अनुरोध**

- सडक तथा फुटपाथमा जथाभावी निर्माण सामग्रीहरू नपुथपारौं ।
- सडक छेउका घरहरूको छतबाट सिधै वर्षात्को पानी सडकमा नझारौं, यसबाट सडकमा चाँडै खाल्डाखुल्डी पर्न जाने हुँदा पाइपको माध्यमबाट उचित निकासको व्यवस्था गरौं ।
- सडकलाई कालोपत्रे गर्ने अवस्थामा (बेस कोर्स सम्पन्न) ल्याइसकेपछि विभिन्न संघ, संस्था तथा व्यक्तिहरूबाट धारा जडान, ढल जडान जस्ता कार्य गर्न भाग हुने गरेकोले त्यस प्रकारको कार्यहरू सडक विस्तारको प्रारम्भिक चरणमा नै गर्ने प्रक्रिया अपनाऔं ।
- निर्माण सम्पन्न (कालोपत्र) भइसकेका सडकहरूमा सडक खन्ने कार्यलाई पूर्णरूपमा निरूत्साहित गरौं ।
- सडकको दायाँबायाँ रहेको क्याचपिट ९ऋबतअज एष्त० हरूमा फोहरमैला तथा प्लास्टिकहरू नफाक्यौं, यसबाट वर्षात्को पानीले निकास पाउन नसकी जलमग्न हुनसक्छ ।
- सडकमा जथाभावी रूपमा बाटो नकाटौं, दुर्घटनाबाट बचौं र बचाऔं ।
- सडक बाटोमा हिंड्दा सडक पेटी ९ँययतउबतज०को प्रयोग गरौं ।

**काठमाडौं उपत्यका सडक विस्तार आयोजना**

## अन्तर्राष्ट्रिय राजनीतिको असज कोल्टे फेराइ

# भेनेजुएलामा रुसी सेना प्रवेश

## अमेरिकी समर्थक गुआइदो १५ वर्षका प्रतिबन्धित

काठमाडौं । अमेरिकी सैन्य हस्तक्षेपको खतरा बढेपछि भेनेजुएलामा रसियाली सेना पुगेका छन् । घरेलु राजनीतिक संकटको भमरीमा परेको भेनेजुएलामाथि अमेरिकी तरवार खस्ने संभावना भएपछि रुसी सैनिक त्यहाँ पुगेको बताइएको छ । राजधानी सहर कराकासमा रहेको अन्तर्राष्ट्रिय विमानस्थलमा रुसको इल्युशिन आईएल ६२ विमानमार्फत् केही पल्टन रुसी सैनिक त्यहाँ पुगेका छन् । सेनासँगै रुसले एन्टोनोभ एन १२४ कार्गो विमानमार्फत् ३५ टनको सैनिक उपकरण पनि भेनेजुएला पठाइसकेको छ। यो सैनिक डफ्फा सैनिक जनरल भासिलीको नेतृत्वमा पठाइएको बताइएको छ।



अमेरिकाको उक्साहटमा चुलिंदो घरेलु संकटसँगै भेनेजुएलाले रुससँग सैन्य सम्बन्ध स्थापित गर्न हात अघि बढाएको थियो । यही सैन्य सम्झौताअनुसार रुसले सैनिक तथा सैनिक उपकरण तथा बन्दोबस्तीका सामनहरू कराकास पठाइएको रुसले जनाएको छ ।

सेना तथा बन्दोबस्तीका सामानहरू पठाउनु भन्दा तीन महिना पहिले रुस र भेनेजुएलाले संयुक्त सैन्य अभ्यास गरेका थिए । यो सैन्य अभ्यासको ३ महिनापछि रुसले भेनेजुएलामा सेना पठाएको हो । यसलाई पश्चिमा देशहरूले निकै चिन्ता र चासोका साथ हेरिरहेका छन् । अमेरिकी समर्थक भेजुएली नेता हुआँ गुआइदोलाई अमेरिकी समर्थक शासकहरूले अन्तरिम राष्ट्रपतिको मान्यता दिएपछि निर्वाचित राष्ट्रपति निकोलस मादुरोको नेतृत्वमा रहेका भेनेजुएली सरकार रुसतर्फ नजिकिँदै गएको थियो ।

अमेरिकी राष्ट्रपति ट्रम्पले भेनेजुएली मादुरोको सरकारलाई सत्ताच्युत गर्नका लागि सैनिक कारवाहीको विकल्प नभएको खुलासा गर्दै गर्दारुसी सेना त्यहाँ पुगेका छन् । अमेरिका लगायत अन्य उसका समर्थक देशहरूले भेनेजुएलामाथि नाकाबन्दी लगाइरहेका बेला रुसले उसलाई पूर्णरुपमा सहयोग गर्दै आइरहेको छ। अब त रुसले भेनेजुएलालाई खुल्ला आर्थिक तथा सैनिक सहयोग गर्नेगरी सहयोगी हातहरू अघि बढाइसकेको छ ।

यस विषयलाई लिएर अमेरिका अब एकपटक कर्नरमा पर्न गएको छ । अमेरिका तथा युरोपेली केही शक्तिशाली देशहरू एशियामा युद्ध थोपर्न चाहन्छन् । यी देशहरूले एशियामा युद्ध थोपेर आफ्नो देशको साम्राज्यवादी युद्ध अर्थतन्त्र सुदृढ बनाउन चाहन्छन् । यस्तो अवस्थामा एशियामा जबर्जस्त थोपरिन लागेको युद्ध रोकन भेनेजुएलामा गरिएको रसियाली कदम केही रक्षात्मक र सकारात्मक पनि रहेको छ ।

यसले अमेरिकी दबदबामाथि चुनौती पनि खडा गरिदिएको छ । आर्थिक रुपमा संरक्षणको नीति लिन पुगेको अमेरिका सैन्य रुपमा अब कसरी अघि बढ्ने छ, यसपछि खुल्दै जाने रणनीतिक विश्लेषकहरूको जिज्ञासा रहेको छ । विश्लेषकहरू भन्न थालेका छन्- काम लाग्ने भनेको टाढाको सानभन्दा नजिकको उधिन नै हो, दक्षिण अमेरिकामा रसियाको उपस्थितिले संयुक्त राज्य अमेरिकालाई आरामसँग निद्रा पर्न दिने छैन ।

रुसी सेनाहरूको प्रवेशसँगै रुस र भेनेजुएलाबीचमा केही रणनीतिक महत्वका द्विपक्षीय सन्धी गरिएको छ । यसपछिको भेनेजुएलाको बदलिएको परिस्थितिमा अमेरिकी समर्थक तथा स्वघोषित अन्तरिम राष्ट्रपति भनिएका हुआँ गुआइदोलाई भेनेजुएली सरकारले आगामी १५ वर्षसम्मका लागि सार्वजनिक पद धारण गर्नबाट कानूनतः रोक लगाएको छ ।

यसलाई रुसको एक महसुर रणनीतिक कदम भनेर व्याख्या पनि गरिन थालिएको छ । केही समयअघि सिरियाली युद्धमा रुस र अमेरिका आमनेसामने भएर लडेका थिए । राष्ट्रपति बसर अल असदविरुद्ध अमेरिकी समर्थित सशस्त्र विपक्षीले सत्ता नै परिवर्तन गर्न लागेका बेला रुसले आफ्ना सैनिक सिरियामा तैनाथ गरी असदको पक्षमा उभिएको थियो । रुसले विपक्षीविरुद्ध सैन्य कारबाही थालेपछि अममेरिकी समर्थित विपक्षीहरू हार खाएर भागेका थिए ।

# अन्तरीक्षसम्बन्धी नासाको अध्ययनमा पुनरावलोकन गरिँदै

काठमाडौं । विज्ञान तथा प्रविधिको विकाससँगै विश्वमा प्रतिस्पर्धात्मक जमाना सुरु भएपछि अमेरिकाले जे भने पनि पत्याइदिने अवस्था अब रहेन । यसले अमेरिकालाई कडा प्रतिस्पर्धाको सामना गर्नुपर्ने दिनहरू आइलागेका छन् । अमेरिकाले गफमा उडाएको अन्तरीक्षसम्बन्धी अध्ययनमा पुनरावलोकन गर्दै रहेको तथ्य बाहिर आउन थालेका छन् ।

यसले देखाउँछ, अमेरिकाले यतिबेलासम्म दिएका अन्तरीक्षसम्बन्धी बयानहरूमा धेरै भुक्का र फुर्काहरू जोडिएका थिए । अबको अन्तरीक्ष रसिया र चीनको पनि भएकाले सही र तथ्यपरक कुराहरू संसारले पाउने र पत्याउने समय आएको छ । अबको अन्तरीक्षको अध्ययन र व्याख्या साहित्यिक भन्दा पनि बढी वैज्ञानिक र तथ्यसंगत हुने छ ।

चीनले पछिल्लो चरणमा ' चन्द्रमाकी देवी' नाम दिइएको चिनियाँ अन्तरीक्ष यान चन्द्रको नदेखिने अर्को कालो भागतिर उतारेर आधुनिक यन्त्रहरूको सहयोमा अध्ययन थाले पछि अमेरिका चकित परेको छ । चीनको यो कार्यबाट स्तब्ध जस्तै भएको अमेरिकाले पछिल्ला दिनहरूमा चन्द्रमामा फेरि मानवसहितको यान पठाउने तयारी गरिरहेको छ ।

चन्द्रमामा चीनको फरक र सोच्दै नसोचेको क्षेत्रमा भएको उपस्थितिलाई संसारले फरक ढंगले विश्लेषण गरिरहेको छ । चिनियाँ भाषामा 'चाङ ए-४ प्रोव' नाम दिइएको यो यान चन्द्रमाको कालो छायाँ परेको भागतिर सफलतापूर्वक अवतरण गरी अनुसन्धानका कामहरू जारी राखिरहेको छ । यो यानका लागि सधैं अध्यारो रहने यस भागमा उज्यालो बाल्दै अनुसन्धानका कार्य जारी राख्न निकै असहज र आश्चर्यपूर्ण रहेको छ ।

अमेरिका चन्द्रमामा पुगेको र मानिस पनि पठाएको भाग चाहीं सधैभरि पृथ्वीतिर फर्किरहने र सजिलो, समथल तथा उज्यालो परेको भागमा हो । चन्द्रमाको अर्कोतिर रहेको नदेखिने भाग चाहीं अमेरिका र नासाकै लागि पनि अपरिचित र अज्ञेय भाग हो । निकै चट्टानी, उबडखाबड, क्रेटर प्वालहरू तथा भिरालो परेको यो भागमा रेडियो फ्रिक्वेन्सीसमेत् जोडेको चिनियाँ यानले अनुसन्धानको काम जारी राखेको छ ।

अत्याधुनिक रडार जडान गरिएको यो यानले त्यहाँको अँध्यारो क्षेत्रहरूको पनि सुक्ष्म अवलोकन गर्ने छ । त्यहाँको सतह भने ढुंगाका टुक्राहरू र धूलोले पुरिएर रहेको अनुमान गरिएको छ । पग्लिएका चट्टानको पनि यो क्षेत्रमा अनुसन्धान गरिने छ । यो अनुसन्धानबाट हालसम्म गरिएका अन्तरीक्ष अनुसन्धानमा रहेका ग्यापहरू र कमी कमजोरीहरू पूरा हुनसक्ने विश्वास चीनले गरेको छ ।

यस्तो बेलामा अमेरिका भने आफ्ना पहिलेका अध्ययन र अनुसन्धानहरूलाई नवीकरण र पुनरावलोकनमा जुटेको छ ।

# विश्वका चारमध्ये एशियाका तीन देशहरू अन्तरीक्ष महाशक्ति

काठमाडौं । अमेरिका, रसिया र चीनलाई पछिपछि लखेटिरहेको भारतले अन्तरीक्षमा सेटेलाइट युद्ध लड्नसक्ने आफ्नो हैसियत बनाएको छ। मार्च अन्तिमा सातामा सफलतापूर्वक प्रयोग गरिएको सेटेलाइट मार हान्ने रकेट प्रक्षेपणपछि भारतले आफूलाई संसारको चौथो अन्तरीक्ष महाशक्ति घोषणा पनि गरेको छ । यसले अबको विश्व युद्ध वा महायुद्ध अन्तरीक्ष युद्धसँग पनि अभिन्न भएर आएको कुरालाई थप पुष्टि गर्न बल पुऱ्याएको छ ।

अमेरिकामा डोनाल्ड ट्रम्प राष्ट्रपति निर्वाचित भएपछि चीन र रुसलाई अन्तरीक्ष युद्धका लागि धम्की दिएको केही वर्षपछि नै एशियाली देश भारत अन्तरीक्ष युद्धमा सामेल हुन पुगेको छ । यो आश्चर्यको विषय भने होइन किनकि भारतले पहिले नै अन्तरीक्षमा आफ्नो उपस्थिति जनाइसकेको छ । भारतको यो उपस्थिति अन्तरीक्षमा लडाइँ गर्ने हैसियत भएकाहरूमध्ये थप एक प्रतिस्पर्धीको उपस्थिति मात्र हो ।

देश विकासको ठूलो हिस्सा कटौती गरेर, जनताको मुख मोरेर, विदेशी ऋणकर्ज गरेर गरिइरहेका अन्तरीक्ष प्रतिस्पर्धा मानव जातिका लागि आवश्यकता हुन् वा सोखका कुराहरू मात्र ? आज हामीसँग रहेका बेतारका साधनहरू, तरंगबाहक औजार र प्रविधिहरू अन्तरीक्षमा मानव र मानव निर्मित साधनहरूको पहुँचले नै संभव हुन गएको हो । तर अब यो रचनात्मक र उपयोगी मात्र हुन नगएर ध्वंसात्मक र विभेद तथा उत्पीडनको सहयोगी पनि सिद्ध हुन गइरहेको छ ।

विज्ञान तथा प्रविधिको विकाससँगै सुरुको पहुँचहुँदा बखतकै अन्तरीक्ष कब्जाको लडाइँ निकै रोचक र महँगो साबित हुन थालिसकेको छ । अन्तरीक्ष के हो र कति टाढा छ भन्ने भन्दा पनि अन्तरीक्ष कसको हो र किन कब्जाको होड चलिरहेको छ भन्ने कुराले प्राथमिकता पाइसकेको छ । अब अन्तरीक्षमा को पुग्यो होइन, को पुगेर के गरिरहेको छ भन्ने कुरा सर्वसाधारण जनताको पनि चासोको विषय बन्न थालेको छ ।

सर्वसाधारणका हातले बेतारको तार रेडियो चलाउनु, बेतारका तरंग मोबाइलहरूको प्रयोग गर्नु, आँखाले टेलिभिजनहरू हेर्नु, आकाशमा फाइटर उडेको देख्नु र विकसित प्रविधिहरूको सामान्यीकरण हुनु विज्ञान तथा प्रविधिमैत्री जनचेतनाको विकास हुनु हो । हालसम्म जहाँ भए पनि र जोसुकै जात, थर वा राष्ट्रियता भएका वैज्ञानिकहरूले पत्ता लगाएका भए पनि ती सिंगो मानव जातिका सम्पत्ति भएकाले जहाँ रहे पनि त्यहाँको सापेक्षतामा मानव जातिका बीचमा पुग्नु स्वाभाविक पनि हो । भलै यो आजका मितिमा सबै मावका सम्पत्तिका हिसाबले पुगिरहेको नभई व्यापारका हिसाबले पुगिरहेको छ ।

यसमा पहुँच हुने देश र देशका शासकहरूले संसारका संपूर्ण मानव जातिमाथि आफ्नो श्रेष्ठता र वर्चस्व कायम गर्ने अस्त्रका रुपमा यसलाई प्रयोग गरिरहेका छन् । यसका साथै विश्वमा व्यापारको एकाधिकार कायम गेरकाहरूले यसलाई आफ्नो बिकाउ मालका रुपमा प्रयोग गरिरहेका छन् । यसैले यो ज्ञान अहिले वर्ग स्वार्थका लागि र हुनेखानेहरूका लागि उपयोगमा आएको छ । संसारको मूल राजनीतिक प्रवृत्ति पुँजीवाद र त्यसमा साम्राज्यवाद तथा उपभोक्तावाद नै हो । उपभोग मूल प्रवृत्ति हो ।

यो अवस्थामा विश्वका शक्तिशाली देश र त्यहाँका शासक वर्ग विज्ञान र प्रविधिको प्रयोग वा उपयोग आफ्नो हित र पक्षमा गर्न मेरर लागि परिरहेको छन् । यसैका कारण साम्राज्यवादी भनिने वा पुँजीवादी पक्षधरहरूका बीचमा पनि संसार उपयोगको बारेमा लुछाचुँडी छ । अन्तरीक्ष उपयोगका बारेमा तछाडमछाड छ । यसैले पृथ्वीमा मात्र युद्ध नजन्माएर अन्तरीक्षमा समेत् युद्धको अवस्था सिर्जना हुन गएको छ ।

अन्तरीक्षमा प्रवेश र शक्तिका हिसाबले संयुक्त राज्य अमेरिका, चीन, रसिया, युरोप, भारत र जापानलाई महाशक्तिका रुपमा लिइन्छ । पछिल्लो चरणमा अमेरिकाको अन्तरीक्ष वर्चस्व र एकाधिकार अब कायम रहन गएको छैन । यो अब प्रतिस्पर्धामा गएको छ । अमरिकालाई चनौती दिने थुप्रै भइसकेका छन् । तर अमेरिका, रसिया, चीन र भारत पछिल्लो चरणमा नजिकका प्रतिस्पर्धी भएका छन् ।

रमाइलो कुरा त के पनि भएको छ भने अन्तरीक्ष युद्धलाई आकाशीय युद्ध मोर्चाका रुपमा परिभाषित गरिन थालिएको छ ।

# थाइल्याण्डमा गठबन्धन सरकार बन्दै

थाइल्याण्डको सैन्य सरकारद्वारा भर्खरै सम्पन्न निर्वाचनमा थाइल्याण्डका सात पार्टीले एक गठबन्धन निर्माण गरेका छन् । निर्वाचनमा कसैको पनि बहुमत नआएपछि ७ पार्टीहरू मिलेर बुधबार बहुमतको सरकार निर्माणका लागि यस्तो गठबन्धन निर्माण गरेका हुन् ।

सन् २०१४ मा भएको सैनिक 'कू' पछि त्यहाँ यस निर्वाचनको अवधिसम्म सैनिक सरकार थियो । प्रजातन्त्रको बहालीका नाममा सैनिक सरकारले गराएको यो निर्वाचन लगत्तै दलहरूहरूको सरकार निर्माणका लागि यो गठबन्धन बनाइएको हो । यही गठबन्धनले दलीय सरकार बनाउने प्रयास गरिरहेको छ ।

निर्वाचन सकिएलगत्तै सैन्य कुद्वारा सत्ताच्युत हुन पुगेका पूर्व प्रधानमन्त्री थाक्सिन सिनावात्राले निर्वाचनको वैधानिकता र निश्पक्षतामाथि प्रश्न उठाएका छन् । उनले निर्वाचनमा निकै बल प्रयोग गरिएको र धाँधली भएको जिकिर गरिरहेका छन् । तर निर्वाचनको निष्पक्षतामाथि पृश्न उठिरहँदा सात राजनीतिक पार्टीहरूले गठबन्धन सरकार बनाउने जमर्को गरिरहेका छन् ।

निर्वाचनमा थाक्सिन सिनावात्राको पार्टीमाथि प्रतिवन्ध लगाइएकाले नेता सिनावात्राले फिउ थाई पार्टीलाई आफ्नो समर्थन दिएका थिए । फिउ थाइ पार्टी अन्य छ पार्टीहरू भन्दा बढी निर्वाचन क्षेत्रमा विजयी भएको छ । त्यसैले यही फिउ थाइ पार्टीको नेतृत्वमा लोकतन्त्र पक्षधरहरूको सरकार निर्माणमा ७ पार्टीहरू लागि परेका छन् ।

निर्वाचन परिणाम पूर्णरुपमा घोषणा गरिएको छैन, तथापि घोषणा गरिएको परिणामका आधारमा त्यहाँ गठबन्धन सरकार बन्ने देखिएको छ । मतगणनामा भइरहेको ढिलाइलाई लिएर थुप्रै टीकाटिप्पणी र शंका आशंकाहरू उब्जिए पनि त्यो कवल मानवीय त्रुटी र ढिलाइका कारणले मात्र हुन गएको सैनिक सरकारले स्पष्टिकरण दिएको छ ।

तर सत्ताच्युत पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राले भने निर्वाचनमा 'व्यापक धाँधली' भएको आरोप दोहोऱ्याइरहेका छन् ।

कुल ७५० सिट रहेको थाइल्यान्डको संसदको तल्लो सदनमा ५०० जना निर्वाचनमार्फत छानिने व्यवस्था रहेको छ भने माथिल्लो सदनमा रहने २ सय ५० सिटमा सेनाले सांसदहरू मनोनित गर्ने संवैधानिक व्यवस्था रहेको छ ।

## तेस्रो पटक ब्रेक्जिट अस्वीकृत् पछि बेलायती राजनीतिक-आर्थिक संकट

काठमाडौं । बेलायतमा निकै बहस भइरहेको ब्रेक्जिट संकट समाधान हुनुको सट्टा अझै चुलिँदै गएको छ । प्रधानमन्त्री टेरिजा मेद्वारा अनुमोदनका लागि प्रस्तुत गरिएको ब्रेक्जिट प्रस्ताव तेस्रो पटक पनि बेलायती संसदले अस्वीकृत गरेको छ ।

यसले टेरिजा मेको अन्तिम शासनकाल निकै तीतो र असफल बनाएको छ भने बेलायतको राजनीतिक आर्थिक भविष्यमाथि पनि केही रणनीतिक गाम्भीर्यताका प्रश्नहरू उठाएको छ । के बेलायत आजको संसारमा ईयुबाट बाहिरिएर गति लिन सक्छ ? वा, ईयुसँग अभिन्न भई त्यसैमा रहेर जाँदा मात्र यसको भविष्य छ ? वा, राजनीतिक हिसाबले मात्र टेरिजालाई असफल पार्न असन्तुष्ट पक्ष र प्रतिपक्षबाट यसो गरिएको छ ? यसको जवाफ आफैमा स्पष्ट छैन ।

# भिक्टोरिया झरना : संसारकै आकर्षक पर्यटकीय गन्तव्य

काठमाडौं । अफ्रिकी देश जिम्बावे भिक्टोरिया फल जस्तो अद्वितिय विसाल प्राकृतिक झरनाका कारण विश्वकै एक आकर्षक स्थलका रुपमा गणना गरिन्छ । देशको बीचमा पर्ने भिक्टोरिया झरना यसको श्रेष्ठ लौकिक वरदान हो । यसका कारणले अतुलनीय तथा निकै आकर्षक प्राकृतिक मनोरम दृश्यहरू यहाँ सिर्जना हुन पुगेका छन् । यही प्राकृतिक सौन्दर्य र सन्तुलनका कारण विश्वका मानिसहरू जिम्बावे भ्रमणलाई जीवनमा एकपटक पुग्नै पर्ने गन्तव्यका रुपमा डायरीमा लेखेर राखेको पाइन्छ । पश्चिमाहरूका लागि यो एक स्वर्गका रुपमा लिइन्छ ।

प्रकृतिप्रदत्त स्रोतसाधन र जीव तथा वनस्पतिका हिसाबले विश्वको पहिलो श्रेणीको देशमा आउँछ । सिंगो अफ्रिकालाई विश्वको प्राकृतिक चिडिया घर भनिए पनि त्यसमा सबैभन्दा बढी आकर्षक भाग त जिम्बावेमा पर्न आउँछ । यसको सीमा रेखाका हिसाबले जिम्बावे आफैमा भूपरिवेष्ठित देश हो । तर देशको लगभग बीच भागमा पर्ने जिम्बावेयी नदीका कारणले यो आफैमा भूपरिवेष्ठित हुँदाहुँदै पनि प्राकृतिक विविधताको स्वर्ग बन्न पुगेको छ ।

यहाँको असीम आनन्द भनेको भिक्टोरिया झरनाको दृश्य नै हो । यो यति धेरै मनमोहक छ कि पर्यटकहरू तथा खोजकर्ता र अन्वेषकहरू यसका विविध पक्षहरू हेर्न र अवलोकन गर्न महिनौं दिन



बिताउँछन् । देशको उत्तर-पश्चिमबीचमा पर्ने यस्तो अद्वितिय उपहार संसारमा कतै पनि छैन ।

विविध प्रकारका र प्रजातिका जन्तुजनावर तथा रुख विरुवाका साथै प्राकृतिक दृश्यावलोकनका हिसावले जिम्बाबे संसारकै पहिलो श्रेणीको पर्यटकीय देश हो ।

जिम्बावे शब्दले बहुमूल्य पत्थरहरू भएको घर भन्ने अर्थ दिन्छ । पश्चिमा पर्यटकहरूले यसलाई निकै नजिकबाट चिन्ने गरेका छन् । यो एक जमानामा बेलायती उपनिवेशअन्तर्गत थियो । यो सन् १८९० देखि १९६५ सम्म बेलायती शासनअन्तर्गत रहेको थियो । सन् १९८० पछि मात्र यसले पूर्ण रुपमा स्वतन्त्रता पाएको थियो ।

जिम्बावेमा जन्तु प्रजातिमा ब्वाँसो, चितुवा, सिंह, हात्ती, गैंडा, अर्ना तथा जरायोहरू पाइन्छन् । जिराफलगायतका अति लोपोन्मुख जनावरहरू पनि यहाँ पाइन्छन् । अन्य पप्रजातिका जनावरहरू त यहाँ सामान्य जस्तै पाइन्छन् ।

यहाँको सबैभन्दा सौन्दर्यको भाग ह्वाँगे राष्ट्रिय निकुञ्जमा समेटिएको छ । यो निकै खुल्ला र आकर्षक छ । ठूलाठूला खुला तथा समथर परेका घाँसे मैदानहरू भएकाले पनि पर्यटकहरू निकै सुरक्षितसाथ आफ्ना साधन वा यातायातका बाहनहरू लिएर निकै नजिक गई अध्ययन तथा अबलोक गर्ने अवसर पाएका छन् । त्यसैले पनि यो विश्वको एक नम्बरको गन्तव्य बन्न गएको हो ।

जिम्बावेका ठूला भागहरू जंगलले भरिएका छन् । यी जंगलहरूमा जन्तुजनावरहरू निकै विविधता र प्रजातिका रहेका पाइन्छन् । यहाँको विविधतामा जति जनाबरहरू पाइन्छन्, ती अन्यत्र कहीं पनि पाइँदैनन् । १०७ प्रजातिका जनावर र ४०० प्रजातिका चराहरू पाइन्छन् । यी सबै सबै प्रकारका जन्तु जनावर र चराहरू बुलावायो र भिक्टोरिया झरनाको बीचमा रहेको जंगलमा पाइन्छन् ।

# सौन्दर्यको अन्वीक्षणमा एक सार्थक प्रयास


● मोहन वैद्य 'चैतन्य'

नेपाली प्रगतिवादी समालोचना र मार्क्सवादी सौन्दर्य चिन्तनको फाँटमा जगदीश चन्द्र भण्डारी क्रियाशील, सुपरिचित तथा स्थापित रहिआउनु भएको छ । यी विषयबारे उहाँका कतिपय महत्वपूर्ण पुस्तकहरू प्रकाशित भइ सकेका छन् । हालै भण्डारीद्वारा रचित 'सौन्दर्यको अन्वीक्षण' शीर्षकमा एउटा नयाँ कृति प्रकाशित हुन गइरहेको छ । यो हाम्रा लागि प्रसन्नताको विषय हो ।

प्रस्तुत कृति मार्क्सवादी सौन्दर्य चिन्तनको आलोक र समाजवादी यथर्थवादको मान्यतामा आधारित विभिन्न समयमा लेखिएका समालोचनात्मक आलेखहरूको संकलन हो । यस कृतिमा सैद्धान्तिक तथा व्यावहारिक दुवै दृष्टिले सौन्दर्यको अन्वीक्षण गर्ने प्रयास गरिएको छ । सौन्दर्य प्रकृति, मानव जीवन र कलाकृतिमा सन्निहित रहेको हुन्छ । सौन्दर्यको वास्तविक स्रोत र आधार मानव जीवन नै हो । मानव जीवनबिना प्रकृतिमा सन्निहित सौन्दर्यको कुनै मूल्य हुन सक्तैन । मानव जीवन र प्रकृतिमा विद्यमान सौन्दर्यको व्यापक क्षितिजलाई घनीभूत रूपमा अभिव्यक्त गर्ने काम कलाकृतिमा नै हुन्छ । यसै वास्तविकतालाई ध्यानमा राखी यहाँ कलाकृतिहरूको सैद्धान्तिक र व्यावहारिक विवेचनामा सौन्दर्यको अन्वेषण गर्न खोजिएको छ । यो खोजी सौन्दर्यको अन्वीक्षण गर्ने उद्देश्यसँग जोडएको छ । अन्वीक्षण शब्दावली अनु+ईक्षण को संयोजनमा निर्मित भएको छ । अनुको अर्थ पछि वा पश्चात् हो । ईक्षणको अर्थ दर्शन वा अवलोकन हो । यसरी हेर्दा अन्वीक्षणको अर्थ पश्चात् अवलोकन हुनजान्छ । यसको मूल अर्थ वा समग्र अभिप्राय समालोचनाको सैद्धान्तिक विवेचना र कलाकृतिमा विद्यमान सौन्दर्यको अवलोकन पश्चात् गरिएको मूल्यांकनमा अभिव्यक्त हुन गएको छ । यो समालोचनाको अभीष्ट वा लेखकीय प्रस्थापना हो ।

भण्डारीजी मार्क्सवादी समालोचक हुनु हुन्छ । त्यसैले यहाँ समालोचनाको विवेचना मार्क्सवादी दृष्टिकोणका आधारमा गरिएको छ । यस कृतिमा दुई प्रकारका समालोचनाहरू छन् । सैद्धान्तिक समालोचना र व्यावहारिक समालोचना । सैद्धान्तिक समालोचनाहरूमा समालोचनाको सैद्धान्तिक आधार, मूल्य, मापदण्ड र मूल्यांकन जस्ता विषयमा प्रकाश पारिएको छ भने व्यावहारिक समालोचनाहरूमा विभिन्न कृतिहरूको समीक्षा गरिएको छ । यी दुवै प्रकारका समालोचनाको केन्द्रमा सौन्दर्यको अन्वीक्षण रहेको छ ।

यहाँ सैद्धान्तिक समालोचना अन्तर्गत विभिन्न आलेखलाई समावेश गरिएको छ । समालोचनाको सैद्धान्तिक आधार प्रस्तुत गर्दै लेखक भन्नुहुन्छ- "साहित्यकलाको उत्पत्ति र विकास श्रमकै ऐतिहासिक प्रक्रियाबाट भएको हुनाले साहित्यको समीक्षा वा आलोचना वस्तुगत भौतिक संसारको विकाससित सम्बद्ध गरेर मात्र गर्नु पर्दछ । मार्क्सवादी सौन्दर्यदृष्टि द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको समुच्च योगमा विकसित छ । मार्क्सवाद सौन्दर्यशास्त्रको दार्शनिक आधारका रूपमा रहेको द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादले नै समीक्षा शास्त्रलाई क्रान्तिकारी र मार्क्सवादी/समाजवादी पद्धतिका रूपमा स्थापित गरेको हो ।" (इतिहास चेतना र मार्क्सवादी समालोचना) । यहाँ साहित्य तथा कलाको उत्पत्ति र विकासमा श्रमको भूमिका, समीक्षाका निम्ति मार्क्सवादी सौन्दर्य दृष्टि, त्यसको दार्शनिक आधारका रूपमा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोण र साहित्यिक आधारका रूपमा मार्क्सवादी/समाजवादी पद्धति लगायतका विषयबारे उल्लेख गरिएको छ ।

समालोचनाको सैद्धान्तिक विवेचना गर्ने क्रममा लेखकले एकातिर आधार तथा आधेय, उत्पादक शक्ति तथा उत्पादन सम्बन्ध, सामाजिक सत्ता तथा सामाजिक चेतना, समाजमा विद्यमान वर्गसंघर्ष लगायतका विषयमा विशद् विवेचना गर्नु भएको छ भने अर्कोतिर वर्गसमाजमा- सुन्दर-कुरूप, उदात्त-निच, दुःखान्त-प्रहसन, संगति-असंगति जस्ता सौन्दर्यपरक प्रवर्ग पनि वर्गीय नै हुने कुरामाथि पनि प्रकाश पार्नु भएको छ । यसका साथै लेखकले समाजको विकास प्रक्रियासित साहित्य कला समीक्षा र तिनका मूल्यमान्यता पनि विकसित एवम् परिवर्तित हुँदै जाने कुरामा जोड दिनु भएको छ ।

सौन्दर्य मूल्यको खोजी भण्डारीजीको मूल अभीष्ट हो । सौन्दर्य मूल्य सत्य र शिवसित जोडिएको छ । सौन्दर्य मानवीय श्रम प्रक्रियासित सम्बद्ध छ र सारतः त्यो वर्गीय मूल्यमा आधारित छ । भण्डारीजीले विभिन्न आलेखहरूमा सत्य, शिव र सौन्दर्य मूल्यको उल्लेख गर्नुभएको छ । तिनलाई वर्गीय मूल्यवत्ता प्रदान गर्नुभएको छ । लेवीका विचारमा "परम्परा एवम् इतिहासकै मूल्यवान तत्वसँग सम्बद्ध भएर नयाँ प्रवृत्ति, नयाँ प्रयोग र नयाँ मूल्यको सिर्जना साहित्य र कलामा हुन्छ ।" (इतिहास चेतना र मार्क्सवादी समालोचना) ।

मार्क्सवादले साहित्य र कलाको मूल्यांकनको मापदण्डका रूपमा ऐतिहासिक तथा सौन्दर्यात्मक पक्षलाई अंगीकार गर्दछ । भण्डारीजीले यस तर्फ पनि ध्यान दिनु भएको छ । लेखकको भनाइमा कुनै पनि अतीतका कालजयी कृतिको मूल्यांकन गर्दा समीक्षा/आलोचनाले ऐतहासिक चेतनाकै दृष्टिलाई अगाडि सार्दछ र कृतिको सौन्दर्यात्मक श्रेष्ठताको मापन गर्दा कृतिमा रहेको नैतिक मानवीय मूल्यको सार्थकतालाई आधार बनाउँछ । (इतिहास चेतना र मार्क्सवादी समालोचना) । लेखकले साहित्य कलाको मापदण्डसम्बन्धी मान्यतालाई आफ्नो- "जनयुद्ध : साहित्य कलाको प्रतिमान" शीर्षक लेखमा थप परिमार्जित तथा समृद्ध तुल्याउनु भएको छ । यस क्रममा उहाँले सौन्दर्य शास्त्रका फाँटमा जनयुद्धले थप योगदान दिएको कुरामाथि राम्रो प्रकाश पार्नु भएको छ । लेखकको भनाइअनुसार- कला साहित्यमा जनयुद्ध र तद्जन्य कलारूप, भाव, सौन्दर्यबोध, यौद्धिक लय नै प्रतिमान बन्न गएका छन् ।

भण्डारीजीले "प्रगतिशीलता र प्रगतिवाद" शीर्षक आलेखमा प्रगतिशीलता र प्रगतिवाद बीचको भिन्नताबारे स्पष्ट पार्नु भएको छ र वर्तमान सन्दर्भमा यी दुवै परिभाषा र पदावलीबारे लेखकीय विश्लेषण विशेष मननीय रहेको छ । लेखकको भनाइमा प्रगतिशीलताले सामान्यतः प्रगति, उन्नति, अग्रगमनतर्फको गत्यात्मक प्रवृत्तिलाई सम्वहन गर्दछ । परन्तु प्रगतिवादले मार्क्सवादका आधारमा निर्मित साहित्य कलाकर्मलाई अभिव्यक्त गर्दछ । यो दुबैको बीचको अन्तर हो । नेपाली सन्दर्भमा प्रगतिवादवारे लेखक भन्नुहुन्छ- "मार्क्सवादी दर्शनद्वारा अनुप्राणित साहित्य अर्थात् द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतकवादलाई आधार मानी लेखिएको साहित्यलाई प्रगतिवादी मानिएको पाइन्छ । अर्कोतिर, यसलाई समाजवादी यथार्थवादको संज्ञा पनि दिइएको पाइन्छ ।" प्रगतिशीलताबारे लेखक अगाडि भन्नुहुन्छ- "मूल भाषामा र भाषिक संरचनामा बुझाउने शाब्दिक अर्थ जे जसो भए पनि नेपालका सन्दर्भमा यथास्थितिवादी, दक्षिणपन्थी संशोधनवादी र नवसंशोधनवादी समेतलाई उक्त शब्दले समेट्ने भएको हुँदा र ती धारमा क्रियाशील रहेका स्रष्टा तथा विचारकहरूबाट बढी उपयोग गरिएको हुँदा आरम्भ र केही पछिसम्म क्रान्तिकारी अर्थगर्भी रहे पनि आज प्रयोगमा रहेको प्रगतिशीलता शब्द पछिल्लो समयमा बहुअर्थी र बहुरूपी बन्न गएको छ ।" निष्कर्षका रूपमा लेखकले प्रगतिशीलतालाई मार्क्सवादी र गैरमार्क्सवादी बुझाई विभ्रम खडा गर्ने, निश्चित सैद्धान्तिक, वैचारिक र दार्शनिक आधार नभएको आदि बताउनु भएको छ । त्यसैगरी उहाँले प्रगतिवादलाई मार्क्सवाद-लेनिनवाद-माओवादका आधारमा उभिएको र वर्गसंघर्ष, जनयुद्ध, जनविद्रोह, सर्वहारा अधिनायकत्व, सर्वहारा मानवतावाद, वर्गीय अन्तर्राष्ट्रियतावादमा आधारित रहेको समाजवादी यथार्थवादका रूपमा प्रस्तुत गर्नु भएको छ । साथै, उहाँले प्रगतिवादका अनुसार समालोचनाको प्रतिमान वा मापदण्डका रूपमा क्रान्तिकारी अन्तरवस्तु र रूपको द्वन्द्वात्मक एकतालाई बताउनु भएको छ ।

नेपाली कम्युनिस्ट आन्दोलनमा अहिले दक्षिणपन्थी संशोधनवाद प्रभावी बन्न पुगेको छ । यसको असर साहित्य कलाको क्षेत्रमा पनि पर्दै गएको छ । यस स्थितिमा साहित्य कलाको मापदण्डबारे लेखक अत्यन्त गम्भीर तथा सचेत बन्नु भएको छ । उहाँ "साहित्यको प्रतिमान र तिनको पहिचान" शीर्षक आलेखमा भन्नुहुन्छ- "निष्कर्षतः सर्वहारा तथा उत्पीडित वर्गको मुक्ति मै कलात्मक सौन्दर्य प्रकट हुने कुरालाई निषेध गर्ने समकालीन संशोधनवादी/नवसंशोधनवादी तत्व कलाविरोधी रहेको छ । वर्गीयता, वर्ग संघर्ष, बल प्रयोगको अनिवार्यता, सर्वहारा वर्गको अधिनायकत्व, तथा सर्वहारा मानवतावाद नै क्रान्तिकारी सर्जकको पहिचान र मानक हुन् ... सुधारवादी, संसदपन्थी, वुर्जुआ समाजवादीहरू वास्तविक अर्थमा प्रगतिवादी वा समाजवादी हुनै सक्तैनन् ।" साहित्यको प्रतिमान र पहिचानको चर्चा गर्ने क्रममा लेखकले साहित्यका क्षेत्रमा संशोधनवाद र मार्क्सवाद बीचका अन्तरलाई स्पष्ट गरी संशोधनवादको विरोध र मार्क्सवादको पक्षमा उभिन विशेष जोड दिनु भएको छ । यसै गरी यहाँ सिर्जनाको क्षेत्रमा संशोधनवाद र गलत चिन्तनका विरुद्ध परिलक्षित भण्डारीजीको एउटा अर्को- "सौन्दर्य आधार, समकालीन रचना र तिनका प्रवृत्ति" शीर्षक रहेको सैद्धान्तिक समालोचना पनि समावेश गरिएको छ । त्यसमा भनिएको छ- "वर्ग संघर्ष, क्रान्ति र परिवर्तनलाई मूर्तीकरण नगरी आफूलाई दलाल पुँजीवादी व्यवस्थामा स्थापित गर्ने र बुर्जुवाकरणमै आफ्नो भविष्य देख्ने तथा सर्जकीय अर्थहीन चमत्कारलाई आफ्नो मौलिकता बनाउने अभियानमा कथित उन्मुक्त पुस्ताका साथै नारीवादी र नश्लीय चेतनासित सम्बद्ध लेखक समुदाय देखा परेको छ ।" यस आलेखमा उहाँले "बुर्जुवापन्थता, दक्षिणपन्थता एवम् संशोध/नवसंशोधनपन्थताका विरुद्ध साहित्यकार र तिनका सिर्जना गाँसिनु पर्ने" कुरामा जोड दिनु भएको छ ।

मार्क्सवादी आलोचनाका सैद्धान्तिका आधार मार्क्सवादी दर्शन र सौन्दर्यशास्त्र हुन् । यहाँ ती आधारसित सम्बन्धित कतिपय लेखक र उनका कृतिहरूको पनि उल्लेख गरिएको छ । यस सन्दर्भमा "मार्क्सवादी दर्शन : दर्शनको दर्शन" र "नवीन सौन्दर्यका सर्जक र शास्त्रकार" जस्ता आलेखहरूलाई लिन सकिन्छ । यीमध्ये पहिलो आलेख मोहन वैद्य 'किरण'द्वारा लिखित संघर्षको दर्शन र दोस्रो आलेख घनश्याम ढकालका रचनासित सम्बद्ध रहेका छन् । भण्डारीजीले यी दुवै लेखमा सम्बन्धित लेखकहरूका रचनाको सकारात्मक मूल्यांकन गर्नुभएको छ ।

प्रस्तुत पुस्तकमा अधिकांश आलेखहरू व्यावहारिक समालोचनासित सम्बन्धित छन् । यस प्रकारका समालोचनाहरूमा महाकाव्य, खण्डकाव्य तथा कविता र संस्मरण/निबन्ध, विधासित सम्बन्धित कतिपय कवि/लेखकहरूका कतिपय रचनाहरूको विवेचना गरिएको छ । एक अर्थमा व्यावहारिक समालोचना सैद्धान्तिक समालोचनाको प्रयोग पनि हो । र, यहाँ त्यसप्रकारको प्रयोगतर्फ पनि आवश्यक ध्यान दिइएको छ ।

लक्ष्मीपसाद देवकोटालाई नेपाली साहित्यका क्षेत्रमा एक अद्भूत प्रतिभा र विशिष्ट व्यक्तित्वका रूपमा लिने गरिन्छ । देवकोटाले साहित्यका प्रायशः सबै विधामा र मुख्यतः महाकाव्य, खण्डकाव्य र फुटकर कविताको क्षेत्रमा उल्लेखनीय योगदान गरेको पाइन्छ । भण्डारीजीले 'लक्ष्मीप्रसाद देवकोटा : पुँजीवादी विचारधाराका विरुद्ध' शीर्षक समीक्षामा देवकोटाका कतिपय फुटकर कवितालाई आधार बनाई अध्ययन गरेको पाइन्छ । लेखकका दृष्टिमा देवकोटा क्रान्तिकारी स्वच्छन्दतावादी कविका रूपमा उत्तरार्ध चरणमा देखा परेका प्रगतिशील तथा प्रगतिवादउन्मुख कवि हुन् । देवकोटा प्रतिको यो दृष्टिकोण सही नै रहेको छ ।

यसै क्रममा भण्डारीजीले 'त्रिराष्ट्रियता र प्रतिरोधको महाकाव्यात्मक उद्घोषण' शीर्षक राखी खेमनाथ दाहालद्वारा रचित 'श्वेतपत्र' महाकाव्यको समीक्षा गर्नु भएको छ । हिमाली क्षेत्रका देशहरूमाथि हुँदै आएको भारतीय विस्तारवादी हस्तक्षेप एवम् प्रभुत्वको विरोध र राष्ट्रिय स्वाधीनतालाई आधार बनाइ रचिएको श्वेतपत्रको समीक्षकले सकारात्मक मूल्यांकन गर्नु भएको छ । उहाँको दृष्टिमा श्वेतपत्रले हिमाली छोरीका रूपमा रहेको नेपाल, सिक्किम र भुटानको इतिहासपरक एवम् प्रकृतिपरक चित्रण गर्दै तिनको राष्ट्रियतामा देखा परेको घात, हस्तक्षेप एवम् विलयनलाई यथार्थपरकताका साथ अभिव्यञ्जन गर्नुका साथै त्रिराष्ट्रियताका सम्बन्धमा क्रान्तिधर्मी चिन्तनको उद्घोष गरेको छ । खण्डकाव्यहरूको पर्यवेक्षण गर्दै भण्डारीद्वारा लेखिएको ' प्रगतिवादी नेपाली खण्डकाव्यहरूको पर्यवेक्षण' शीर्षक समीक्षा संश्लेषित तथा महत्वपूर्ण रहेको छ । यसमा प्रगतिवादी नेपाली खण्डकाव्यहरू र तिनका स्रष्टाहरूको ऐतिहासिक सूची पनि सम्मिलित गरिएको छ । यसले नेपाली प्रगतिवादी खण्डकाव्यको महत्व, गरिमा र क्रान्तिकारी सन्देशलाई उद्बोधनकारी भूमिकालाई सशक्त रूपमा उजागर गरेको छ । समीक्षकका दृष्टिमा यी खण्डकाव्यहरूमा आयाम सुहाउँदो विषय र शैली, शिल्पको प्रयोग भएको छ । यी नेपाली वर्गसंघर्षसित गाँसिएका विषयको व्यञ्जनात्मक, प्रतीकात्मक तथा बिम्बात्मक अभिव्यक्तिमा आधारित रहेका छन् ।

कृष्णसेन इच्छुक नेपाली प्रगतिवादी कविता र काव्य सिर्जनाको क्षेत्रमा एउटा विशेष उल्लेखनीय नाम हो । कवि इच्छुक र महान् जनयुद्धका एक अमर सहिदका रूपमा पनि सुपरिचित हुनुहुन्छ । भण्डारीजीले ' इच्छुकका कविता : जनसमर र मुक्तिको कलात्मक अस्त्र' शीर्षक समीक्षामा इच्छुकको मूल्यांकन गर्ने प्रयास गर्नुभएको छ । यसमा इच्छुकका- शोकाञ्जली शोककाव्य, ' इतिहासको यस घडीमा' कवितासंग्रह र ' बन्दी र चन्द्रागिरि'- लामो कविता अर्थात् काव्यको विवेचना गरिएको छ । त्यसैगरी, लेखकले मित्रलाल पंज्ञानीद्वारा रचित ' त्यो नायक' खण्डकाव्यबारे 'त्यो नायक : उदात्त नायकको काव्यात्मक सन्धान' शीर्षक आलेखमा समीक्षा गर्नुभएको छ । प्रगतिवादी काव्य तथा कविताका क्षेत्रमा कवि पंज्ञानीको उल्लेखनीय योगदान रहिआएको छ । समालोचक भण्डारीका विचारअनुसार यस काव्यमा विचारको विस्मयकारी अभिव्यञ्जनामा कविता कला पाकेको छ र बुद्धगाथा सम्बद्ध जीवन तत्व र दर्शनलाई क्रान्ति कर्मसित गाँस्ने र नयाँ नायकको खोजी गर्ने प्रयत्न गरिएको छ ।

नेपाली प्रगतिवादी कविता निकै समृद्ध, ओजपूर्ण, क्रान्तिको सौन्दर्यलाई संवहन गर्न समर्थ रहिआएको छ । यस कृतिमा भण्डारीजीले विभिन्न प्रगतिवादी कविताहरूका कविता संग्रहहरूको समीक्षा गर्नु भएको छ । यसै क्रमम उहाँले 'ज्ञवालीका कविता : रक्त क्रान्तिको आराधन, आमन्त्रण र अभिव्यञ्जन' शीर्षक समीक्षामा ईश्वरचन्द्र ज्ञवालीका दुई कवितासंग्रहहरू- 'हुरीका स्पन्दनहरू' र 'यसरी देश मरिरहेछ'- को मूल्यांकन गर्नुभएको छ । समीक्षकको दृष्टिमा ज्ञवाली कवितालाई अर्थसघन तथा भावमय बनाउने बिम्ब प्रतिकको प्रयोग गर्न समर्थ र रक्त क्रान्तको आराधन, आमन्त्रण तथा सामरिक चेत एवम् यथार्थको अभिव्यञ्जनमा उच्च रहेका छन् । यसैगरी समीक्षकले 'पृथ्वी कसको ? विचार र लयको घुलन' शीर्षक आलेखमा मित्रलाल पंज्ञानी रचित पृथ्वी कसको कविता संग्रहको समीक्षा गर्नु भएको छ । त्यसमा पंज्ञानीलाई क्रान्तिकारी विचार र लयको फ्युजन गर्ने समर्थ कवि बताउनु भएको छ । त्यस्तै समीक्षकले ' धारिला मानिसहरू : कविताकै सुन्दर स्थापत्य' शीर्षकमा कवि केशव सिलवाल रचित ' धारिला मानिसहरू' कवितासंग्रहको मूल्यांकन गर्नु भएको छ । त्यसमा समीक्षकले सिलवाल कविताहरू जीवनलाई सुन्दर, सुरूप तथा सम्मोहक बनाउने मानव चाहनाका प्रतिबिम्ब र सुन्दरता विरोधीहरूका निम्ति दरिला तथा धारिला जवाफ हुन् भनेर मूल्यांकन गर्नु भएको छ । यसै सिलसिलामा समीक्षकले ' आठौं महादेशमा कोलम्बस : नयाँ यथार्थलाई सार्थक बनाउने सफल कविता' शीर्षकमा गणेश भण्डारीको आठौं महादेशमा कोलम्बस कविता संग्रहको मूल्यांकन गर्नु भएको छ । समीक्षकका दृष्टिमा यस कवितासंग्रहले नयाँ यथार्थलाई कलात्मक एवम् सार्वभौम यथार्थ बनाएको छ ।

भण्डारीजीले 'समकालीनता र प्रगतिशील कविताका मूल प्रवृत्ति' शीर्षक आलेखमा समकालीन सन्दर्भमा प्रगतिशील कवितामा विद्यमान मूल प्रवृत्तिबारे विवेचना गर्नुभएको छ । यसमा दिल साहनी, पूर्ण विराम, ईश्वरचन्द्र ज्ञवाली, अमर गिरी, आहुती, मित्रलाल पंज्ञानी, हिरामणि दुखी, चेतकान्त चापागाई, केशव सिलवाल, गौरी दाहाल, विमल निभा, राजकुमार कुवर, निभा शाह, अनिल श्रेष्ठ, नुमराज बराल, विनोद विक्रम केसी, लक्ष्मी माली, सरिता तिवारी, नाकिमा, प्रशिद्धा शर्मासहितका स्थापित र उदीयमान प्रतिभाहरूद्वारा रचित कविता महत्वपूर्ण अंशहरू उद्धृत गरिएका छन् । यसबाट प्रवृत्तिहरूलाई उजागर गर्न राम्रो मद्दत पुगेको देखिन्छ । यस समीक्षामा महान् जनयुद्धको अवतरण र नवसंशोधनवादी विचलनको विरोधमा प्रस्तुत कविताहरूको भावधारालाई उजागर गर्ने प्रयास गरिएको छ । यस समीक्षाको निष्कर्षका रूपमा भण्डारीजी भन्नुहुन्छ- "असंख्य बलिदान र उत्सर्गबाट पनि नेपाली जनताको हित र प्रशन्नतामा सबै फेरबदल नआएको, सत्ताको चरित्र नबदलिएको, नेतृत्व पंक्तिमा विचार विचलन भएको र विस्तारवाद, साम्राज्यवादप्रति नतमस्तक भएको एवम् जनताका हितविरुद्ध देखा परेको हुँदा परिवर्तनप्रति प्रतिबद्ध कविहरूले इमान्दारिताका साथ यथार्थको अंकन गरेका छन् र जनताको मुक्ति अभीष्टलाई व्यञ्जकमय, संगीतमय र संवेदनशीलताका साथ बिम्बीकरण गरेका छन् ।"

प्रस्तुत कृतिमा व्यावहारिक समालोचना अन्तर्गत निबन्ध संस्करणसित सम्बन्धित कतिपय आलेखहरूलाई समावेश गरिएको छ । 'बेनी स्मृति परिमित सिर्जनामध्ये एक' शीर्षक आलेख धनेश्वर पोखरेलको 'बेनीस्मृति' संस्मरणमा आधारित छ । बेनी स्मृति युद्धमैदानका सौन्दर्यात्मक अनुभूति, आवेग र भव्यताको संगम हो । भण्डारीजीले यस कृतिमा अभिव्यक्तिगत नवीन सौन्दर्य, परम्परामुक्त मनोभाव र सरल स्पष्ट कथनमा शब्दचित्र सप्राण बनेको कुरा उल्लेख गर्दै यसलाई परिमित रचनामध्ये एक बताउनु भएको छ । त्यस्तै, समीक्षकले 'फरक धार अर्थात् कला र राजनीतिको फ्युजन' आलेखमा दीनानाथ शर्मा रचित फरकधार निबन्ध संग्रहको मूल्यांकन गर्नु भएको छ । राजनीतिका साथै साहित्यमा पनि कलम चलाउन समर्थ हुनु शर्माको एउटा मूल विशेषता हो । समीक्षकका दृष्टिमा विचारप्रतिको प्रतिवद्धता, कथनमा विचार प्रधानका साथै कला र राजनीतिको फ्युजन हुनु शर्माका निबन्धका विशिष्टता हुन् । यसैगरी समीक्षकले 'सुर्खेत जेलब्रेक : नवीन मूल्यगर्भित कृति' मा गणेश भण्डारीको सुर्खेत जेलब्रेकको मूल्यांकन गर्नु भएको छ । समीक्षकका दृष्टिमा यो कृति यथार्थ र आदर्शको सुन्दर मेल बन्न गएको छ । त्यस्तै संस्मरण विधामा आधारित समीक्षकको अर्को महत्वपूर्ण आलेख छ- त्यो हो 'समरका स्मृतिहरू : महान यात्राको सङ्कथन' । यो शोभा कट्टेल रचित 'समरका स्मृतिहरू' को समीक्षा हो । यो महान् जनयुद्धको संस्मरणसित सम्बन्धित छ । यस कृतिलाई समीक्षकले सर्वहारा वर्गको महान् यात्राको इमान्दारीपूर्वक संकथन र मुक्ति एवम् साम्यवादी आदर्श प्राप्तिको सोपानको एक खुड्किलो बताउनु भएको छ ।

उक्त प्रकारको सामान्य चर्चा र टिपोटका आधारमा हेर्दा के स्पष्ट हुन्छ भने यस पुस्तकमा विषयवस्तु र सामग्रीलाई विशेष परिश्रम र गम्भीरताका साथ प्रस्तुत गरिएको छ । तर पनि यहाँ केही सीमा तथा कमी पनि रहेका देखिन्छन् । विशेष रूपमा भन्नुपर्दा सैद्धान्तिक समालोचनाहरूमा साहित्यका मूल्य र मापदण्डबारे गरिएको विवेचनामा केही अपुग देखिन्छ । तिनमा अझै ध्यान दिई केही विश्लेषण गरिएको भए अझैं राम्रो हुने थियो ।

प्रस्तुत कृतिमा सन्निहित लेखकीय उद्देश्य सैद्धान्तिक तथा व्यवहारिक समालोचनामा सौन्दर्यको अन्वीक्षण गर्नु थियो र सो उद्देश्य प्राप्तिमा भण्डारीजी मूलतः सफल नै रहनु भएको छ । समालोचनाहरूमा सर्वहारा वर्ग तथा श्रमिक जनसमुदायको ऊर्जाशील श्रमशक्ति, उनीहरूमाथि हुँदै आएका शोषण तथा उत्पीडन, देशको राष्ट्रिय स्वाधीनतामाथि हुँदै आएका हस्तक्षेप तथा प्रभुत्व, सामन्तवाद, साम्राज्यवाद तथा विस्तारवाद्वारा गरिएका उत्पीडनको विरोध र नयाँ जनवाद, समाजवाद तथा साम्यवादको आदर्श प्राप्तिसहित समग्र मुक्तिका निम्ति गरिएका विभिन्न जनसंघर्ष तथा जनआन्दोलन, सशस्त्र संघर्ष तथा मूलतः जनयुद्ध एवम् क्रान्तिको पक्षमा सिर्जित/अभिव्यक्त वर्गीय तथा सौन्दर्य मूल्यलाई सशक्त रूपमा उद्घाटित गरिएको छ । यहाँ विविधखाले संशोधनवाद तथा आत्मसमर्पणवादको पनि कडा विरोध गरिएको छ । यहाँ चित्रण मात्र होइन, दिशा निर्देश गर्ने काम पनि भएको छ । यहाँ एकातिर आफ्ना सैद्धान्तिक तथा व्यावहारिक समालोचनाहरूमा एकरूपता कायम गरिएको छ भने अर्कोतिर विभिन्न कृतिहरूको समीक्षा गर्दा विचार र शिल्पपक्ष तथा क्रान्तिकारी अन्तरवस्तु र रूपका बीच द्वन्द्वात्मक एकरूपताको प्रश्नमा पनि आवश्यक जोड दिइएको छ । समग्रमा भन्नु पर्दा यस कृतिलाई सौन्दर्य मूल्यको अन्वीक्षणमा एक सार्थक प्रयासका रूपमा ग्रहण गर्नुपर्छ ।

यसरी प्रगतिवादी समालोचनाको क्षेत्रमा महत्वपूर्ण थप योगदान गर्नु भएकोमा वरिष्ठ समालोचक जगदीशचन्द्र भण्डारी विशेष धन्यवादका पात्र हुनुहुन्छ । म उहाँको निरन्तर प्रगतिको कामनासहित उहाँबाट यस क्षेत्रमा अझैं थप ऊर्जाशील कृतिहरू प्राप्त भइ रहुन् भन्ने आशा एवम् अपेक्षा समेत गर्दछु ।

## शहीद...

प्रहार गर्ने ताकमा भए । यसरी ब्वाँसा र मृगहरूको फ्युजन भयो । २०६२/०६३ मा यो फ्युजनले विश्व नै छपक्क पार्ने जनसङ्घर्षको थालनी गर्‍यो । करिब २ महिने जनसङ्घर्षलाई विश्वका साम्राज्यवादी र विस्तारवादी शक्तिहरूले पनि साथ दिए र ज्ञानेन्द्रलाई एक्लै पारे । फलस्वरूप आधारहीन ज्ञानेन्द्रले प्रत्यक्ष शासन छोड्न र विघटित संसद पुनर्स्थापना गर्न मञ्जुर गरे । अब यो नयाँ शक्तिको फ्युजनको सरकार बन्यो र केही समयपछि २४० वर्षको राजतन्त्र पनि समाप्त भएको घोषणा गरे । यसरी नेपालमा रूपमा ठूलो परिवर्तन भयो, तर सारमा धेरै राजाहरूको उदय भयो । निरङ्कुश राजतन्त्र ढल्दा र गणतन्त्रको स्थापना हुँदा दुःखी नेपालीहरूको ठूलो आशा थियो- “अब सबैका सुखका दिन आउँछन् ।”

तर त्यसपछिका दिनहरू हेर्दा दिक्दार लाग्दा स्थितिहरू एकपछि अरु आइरहेछन् । २४० वर्षे निरङ्कुश कालरात्रीमा जस्तो लुट थियो, अन्याय अत्याचार थियो । त्यसमा केही कमी आएन बरु, समग्र देशको विकास र जनताको सुखलाई भर्सेलामा परोस् भनेर, जो सत्ताको कुर्चीमा बस्यो । उसैले आफ्नै मात्र बन्दोबस्त सोच्यो र आफ्ना आसेपासेलाई पोस्ने काम भइरहेको छ ।

यतिबेला माओवादीका शीर्ष नेताहरू सत्तामा छन् र पनि देशमा हुन सक्ने र हुनु पर्ने कुराहरू केही भइरहेका छैनन् । जे हुँदैन र हुनुहुँदैनथ्यो भन्ने मानिन्थ्यो तिनै कुरा भइरहेका छन् । जनतामा ठूलो आशा थियो माओवादी आएपछि देशमा भ्रष्टाचार रोकिन्छ, कानुनको व्यवस्था बन्छ र देश विकासको थालनी हुन्छ, तर बिडम्बना जनताका निम्ति “जुन जोगी आए पनि कानै चिरेका” भन्ने उखान चरितार्थ भइरहेको छ । सायद इतिहासको काल क्रममा जे पनि हुँदो रहेछ क्यारे । यो सम्भव र यो असम्भव भन्ने कुरा केही रहेनछ क्यारे ।

मार्क्सवादी चिन्तनमा अगाडि बढेको यो राजनीतिक दलमा यति ठूलो बिचलन आउनुमा पनि धेरै कारणहरू तयार भई आए होलान् भन्ने लाग्छ । दलका होनहार, इमान्दार र लगनशील कार्यकर्ता प्रारम्भिक सङ्घर्षमै मारिएर सकिए । पछि दल शक्तिका रूपमा उदाएपछि अवसरवादी चमेराहरूको छद्म रूपमा प्रवेश भयो होला । तिनैका बलमा क्रान्तिलाई निरन्तर सङ्घर्ष र प्राप्तिको बाटोबाट मोडेर, संसदवादी आहालमा डुबाउने काम भयो ।

पछि क्रान्ति सफल हुन्छ, अब संसदीय बाटोबाट गएपछि खतरा नमोलीकनै देशमा जनताले चाहेजस्तै शासन व्यवस्था र सुखका दिन ल्याउन सकिन्छ भन्दै सोझासिधा जनताका घर दैलामा भोट माग्न गए । हिजो क्रान्तिमा लागेका र दुःखमा खटेका नेता नै भोट माग्न आएपछि जनताले पत्याए र चुनावमा माओवादी सबभन्दा ठूलो दल भएर उदायो । समानुपातिकको व्यवस्था नभएको भए त सरकार बनाउने बहुमतै ल्याएको हो यसले तर समानुपातिक प्रतिनिधित्व प्रणालीले गर्दा अरु सबै दल एकातिर भएका स्थितिमा माओवादी त अल्पमतमा पर्‍यो ।

यसका कारणले स्थायी सरकार बन्न सकेन, फलस्वरूप थोरै समयको साँठगाँठबाट बनेको सरकारमै जाने जनप्रतिनिधिले देश र जनताको काम भन्दा दाम कमाउतिरको सोच बनाए । झन् हालसालै त अचम्मको कुरा भइरहेछ, अत्यन्त दुःखद कुरा भइरहेको छ । जनताको मुक्तिका निम्ति भनेर, आफ्नो व्यक्तिगत स्वार्थ र परिवार छोडेर जनमुक्ति सेनामा खट्नेहरूमध्ये कैयौँलाई अयोग्य ठहर्‍याएर, बीसबाईस हजार दिएर, क्यान्टोनमेन्टबाट लखेटियो । पछि अरु पार्टीको दबाबमा बाँकी सबैलाई सेनामा समायोजनमा नलाने भनेर स्वेच्छिक अवकासमा जान बाध्य पारियो ।

खै शारदा ! के भनेर चित्त बुझाउने हामी बाँच्नेहरूले पनि ? आज बाँचेकै भए पनि हिजोका सपना तुहिएको टुलुटुलु हेर्न परिरहेको छ । हिजो क्रान्ति यात्राका लागि हिँडाइएको रथलाई भीरबाट लडाइएको छ । क्रान्तिको झण्डा बीचबाटोमा धुलाम्मे भएर फ्याँकिएको स्थितिमा छ । जनताका शत्रुका बाहनहरू त्यसलाई क्षतविक्षत बनाउँदै निरन्तर गुडिर हेछन् । हामी आशा गर्दैछौँ- “शहीदको रगत खेर जाँदैन ।”

आज क्रान्तिरथ भीरबाट फ्याँकिए पनि जनताको र शहीदको सपना पूरा भएको छैन । धोखा पाएका आहत मनहरू फेरि फेरि पनि उठ्नुपर्छ । सुनामी बनेर उठ्नुपर्छ । साम्राज्यवाद र विस्तारवादले लादेका सम्पूर्ण विसङ्गति र विकृतिलाई बढारेर फाल्नुपर्छ । यो माटो र विश्वपमा एक दिन सधैँका लागि समतामूलक सुख र समृद्ध स्वर्ग ल्याउनुपर्छ । जुनसुकै हालतमा ल्याउनु पर्छ ।

## युवावर्ग...

हाबी हुनु र पछिल्लो समयमा आएर क्रान्तिका मूल नेतृत्वले नै क्रान्तिप्रति गद्दरी गर्नु र पटकपटक पार्टी विभाजनको मार खपन पर्नुको सँगै हामीमा सैनिक, राजनैतिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पनि कमजोर छौँ ।

तर, हामीमा कमजोर हुनु र त्यसले गर्दा हामीले साम्राज्यवाद विरोधि, विस्तारवादविरोधी, दलाल नोकरशाही पुँजीवाद तथा सामन्तवादविरोधी अभिभारा पूरा गर्न नसक्नुको मुख्य कारण, देशको सिङ्गो जनसंख्याको ९० प्रतिशत भएका मजदुर, किसान र श्रमिक जनसमूहलाई सञ्चालित गर्नमा कमिकमजोरी रहन गएकाले हो । जनसंख्याको ९० प्रतिशत भएका मजदुर, किसान र श्रमिक जनसमूहलाई परिचालित र संगठित गरेपछि मात्रै साम्राज्यवाद, विस्तारवाद, दलाल नोकरशाही पुँजीवाद तथा सामन्तवादको तख्ता पल्टाउन सम्भव हुन्छ ।

नेपालको क्रान्तिकारी अभिभार पूरा गर्न नेपाल कम्युनिष्ट आन्दोलनका सत्तरी वर्षका र अन्य आन्दोलनहरूका सबै पाठहरूको अध्ययन गरी सबका सबलपक्षहरूको विकास गर्ने र त्यसका गल्तीहरूबाट जोगिनु, जसले गर्दा युवाहरू देशभरीका जनतासँग एकतावद्ध हुन सकून् र क्रान्ति विफलताबाट सफलतातिर मोडिन सकोस् । युवाहरू सिङ्गै राष्ट्रलाई सञ्चालित र एकतावद्ध पारेपछि, भारतीय विस्तारवादको नीति निर्देशनमा आधारित दलाल नोकरशाही पुँजीवादी सामन्तवादी राज्यसत्ता, अर्थात अर्धसामन्ती, अर्धऔपनिवेशिक नवऔपनिवेशिक अवस्थाबाट मुक्त तुल्याउन र पुरानो नेपालालाई नौलो नेपालमा रुपान्तरण गर्नका निम्ति हामी सबैले क्रान्तिकारी सचेतना अपनाई, देशभरिका युवाहरूलाई एकतावद्ध गर्न देशभरिका जनतालाई संगठित गर्न दरिलो अठोट गर्नै पर्दछ ।

अन्यथा, देशलाई अर्धसामन्ती, अर्धऔपनिवेशिक नवऔपनिवेशिक अवस्थाबाट मुक्त तुल्याउन र राष्ट्रिय स्वाधीनताको रक्षा, जनताको जनतन्त्रको स्थापना र जनजिवीकाका आधारभूत समस्याहरूको समाधानका लागि, पार्टीको आधारभूत कार्यक्रम, अर्थात् नयाँ जनवादको न्यूनतम कार्यक्रम केवल कार्यक्रममै मात्र सिमित रहन नजाला भन्न सकिन्न । यस अर्थमा सिङ्गो पार्टीले क्रान्तिकारी सचेतता अपनाउनु नितान्त जरुरी छ ।

## क्रान्तिकारी....

राजवीरको विशेष उपस्थिति रहेको बैठकको अध्यक्षता तथा सञ्चालन संगठनका अध्यक्ष इन्द्र राउतले गरेका थिए । बैठकमा संगठनका सल्लाहकारद्वय हिरामणि दुःखी, टेकबहादुर मास्कीको समेत विशेष उपस्थिति रहेको थियो । संगठनका उपाध्यक्ष नारायण पंगेनी, सचिव रामकुमार श्रेष्ठ, कार्यालय सदस्य लोकराज जैसी, १ नं. प्रदेशका संयोजक मधुकर थापा, २ नं. प्रदेशका संयोजक शिवशंकर पाण्डे, ३ नं. प्रदेशका संयोजक रनसुर महतरा, ४ नं. प्रदेशका संयोजक गोपाल जिसी, ५ नं. प्रदेशका संयोजक दामोदर खनाल र ७ नं. प्रदेशका संयोजक धनञ्जय अवस्थीको बैठकमा सहभागिता रहेको थियो ।

बैठकले बैशाखभित्र बाँकी प्रदेशका भेला सम्पन्न गर्ने र सम्भव भएका जिल्लाहरूमा पनि सोही मितिभित्र भेला तथा सम्मेलनहरू सम्पन्न गर्ने निर्णय गरेको छ ।

सम्मेलनलाई भव्य रुपमा सम्पन्न गर्न बैठकले तीनवटा संगठनका अध्यक्ष इन्द्र राउतको संयोजकत्वमा विधान तथा प्रतिवेदन लेखन उपसमिति, सचिव रामकुमार श्रेष्ठको संयोजकत्वमा आर्थिक तथा व्यवस्थापन उपसमिति र कार्यालय सदस्य लोकराज जैसीको संयोजकत्वमा प्रचार प्रसार तथा प्रकाशन उपसमिति निर्माण गरिएको छ ।

बैठकले साना तथा स्वरोजारमुखी मिडियाको जीवन समाप्त पार्ने गरी सूचना विभागले जारी गरेको परिपत्र खारेजी तथा श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन लगायतका विषयलाई लिएर ज्ञापन पत्र बुझाउनेदेखि धर्ना दिनेसम्मका कार्यक्रम गर्ने समेत निर्णय गरेको छ ।

## चैत्र २४...

तथा सम्मेलन सम्पन्न भइसकेका छन् ।

त्यसैगरी मोर्चाको ३ नं. प्रदेशको पनि सम्मेलन सम्पन्न भइसकेको छ । यस प्रदेशको रसुवा बाहेकका सबै जिल्लाहरूको भेला तथा सम्मेलन सम्पन्न भइसकेका छन् ।

उता ४ नं. प्रदेशको सम्मेलन पनि सम्पन्न भएको छ । यो प्रदेशभित्रका नवलपुर, कास्की, तनहुँ, बाग्लुङ, पर्वत र गोरखालगायत भेला तथा सम्मेलन सम्पन्न भएको छ ।

७ नं. प्रदेशको सम्मेलन १७ गते चैत्रमा सम्पन्न भएको छ । यस प्रदेशका कैलाली, कञ्चनपुर, डडेलधुरालगायतका जिल्लामा भेला सम्मेलन सम्पन्न भएको छ ।

चैत्र २४ उद्घाटन गरिने मोर्चाको सम्मेलनको बन्द सत्र २५ र २६ गतेसम्म चल्नेछ । काठमाडौंको प्रदर्शनी मार्गस्थित भृकुटीमण्डपमा उद्घाटन गरिने मोर्चाको प्रथम राष्ट्रिय सम्मेलनलाई पार्टी महासचिव मोहन वैद्य‘किरण’ले विशेष सम्बोधन गर्ने कार्यक्रम रहेको छ । सम्मेलनमा देशैभरिबाट करिब ५ सयको संख्यामा प्रतिनिधि पर्यवेक्षकको सहभागिता रहने मोर्चाको केन्द्रीय कार्यालयले जनाएको छ ।

यसैबीच, ‘चैत्र २४ गते काठमाडौं जाऔं ! क्रान्तिकारी विकल्पको तयारी गरौं !!’ भन्ने मूल नाराका साथ सम्पन्न हुन लागेको राष्ट्रिय सम्मेलनलाई लक्षित गरी जनसमुदायको नाममा मोर्चाले अपिल समेत जारी गरेको छ ।

अपीलमा भनिएको छ, “ आगामी २०७५ चैत्र २४ गते काठमाडौंमा हुने विशाल जनसमुदायको उपस्थिति बहुआयामिक महत्वको हुनेछ । पहिलो, यो हामीले यही फागुन ७ गते देखि २१ गतेसम्म देशका विभिन्न भागमा सफलतापूर्वक सञ्चालन गरेको ‘मेची-महाकाली जनजागरण अभियान’ को उत्कर्ष हुनेछ । दोस्रो, यो जनविरोधी र राष्ट्रघाती सरकारलाई जनताको पक्षमा निर्णय गर्न बाध्य गराउनकालागि ठुलो जनप्रदर्शन हुनेछ । तेस्रो, राष्ट्रिय स्वाधीनताको रक्षा लगायत नेपाली जनताका तमाम समस्याको समाधान तथा देशमा आमूल परिवर्तनका निमित्त समर्पित क्रान्तिकारी मोर्चा, देशभक्त जन गणतान्त्रिक मोर्चा, नेपालको ऐतिहासिक राष्ट्रिय सम्मेलनको उद्घाटनको अवसर पनि हुनेछ । चौथो, नेपालमा राजतन्त्र विद्यमान भएकै बेलामा गणतन्त्रको नारा स्थापित भएको ऐतिहासिक जनआन्दोलन दिवसको निरन्तरता हुनेछ । त्यसैले, हामी फेरि पनि आदरणीय जनसमुदायसँग अनुरोध गर्दछौं, यो अवसर नचुकाऔं !”

अपीलमा २४ गतेको विशाल जनसभामा सहभागी हुन अनुरोध गर्दै भनिएको छ, “राष्ट्रिय स्वाधीनताको रक्षा, वास्तविक जनतन्त्रको स्थापना र जनजीविकाका समस्याको समाधानका लागि संघीय जनगणतन्त्र नै अहिलेको अग्रगामी विकल्प हो । जनताको बृहद् एकता र जनआन्दोलनबाट मात्र यसलाई प्राप्त गर्न सकिन्छ । त्यसैले हामी सम्पूर्ण जनसमुदायलाई चैत्र २४ गते काठमाडौं आएर विशाल जनसभामा सहभागी हुनका लागि विनम्र अनुरोध गर्दछौं ।”

नयाँ जनवादी क्रान्तिको तयारी गरिरहेको क्रान्तिकारी माओवादीको क्रान्तिकारी संयुक्त मोर्चाको रुपमा रहेको देजमोको यो राष्ट्रिय सम्मेलन तथा विशाल जनसभालाई आम क्रान्तिकारी जनपंक्ति तथा इतर वर्गले समेत विशेष रुपमा हेरेका छन् ।

## २ नं...

सचिवालय सदस्य समेत रहेका नेता कमल चौधरीको अध्यक्षतामा सम्पन्न सम्मेलनले रामनारायण सिंहको नेतृत्वमा २१ सदस्यीय प्रदेश कमिटि निर्वाचित गरेको छ । सम्मेलनले अध्यक्षमा रामनारायण सिंह, उपाध्यक्ष खडग साह, सुर्यनारायण चौधरी, सचिव भुवन चौलागाई, कोषाध्यक्ष महेन्द्र लामा र सदस्यहरू क्रमश किरण चौधरी, गौरव लामा, प्रेम भुजेल, रेवती देवकोटा, शंकर चौधरी, राकेश साह, विरेन्द्र साह, नन्दु झा, जनरसी देवी लगायतलाई निर्वाचित गरेको छ ।

क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा प्रवक्ता प्रतीकको प्रमुख आतिथ्यतामा सम्पन्न सम्मेलनमा अतिथिहरू पार्टी पिविएम तथा २ नं. प्रदेशका सचिव कृष्णदेव सिंह, पार्टी केस जितेन्द्र, उज्वल, किरण, रन्जित, दिपेन्द्र, विष्णुलालको उपस्थिति रहेको छ ।

यसैबीच, क्रान्तिकारी युवा लिगको भेलाले गंगा महतोको नेतृत्वमा २१ सदस्य क्रन्तिकारी युवा लिग २ नं. को प्रदेश कमिटि निर्माण गरेको छ । त्यसैगरी भेलाले सन्जय सिंहको नेतृत्वमा २१ सदस्य मधेसी राष्ट्रिय मुक्तिमोर्चा (क्रान्तिकारी) को पनि प्रदेश कमिटी निर्वाचित गरेको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि नेता प्रतीकले राष्ट्रियता, जनतन्त्र, जनजीविकाका समस्याहरूमा पार्टी, मोर्चा तथा जनवर्गीय संगठनहरूले खेल्नुपर्ने भूमिका लगायत समसामयिक राष्ट्रिय राजनीतिक विषयमा प्रशिक्षणात्मक मन्तव्य राखेका थिए भने अन्य अतिथिहरूले शुभकामना मन्तव्य दिएका थिए ।

यसैबीच, केही दिन अघि संयुक्त जिल्ला भेलाल दे.ज.मो. सिरहाको किरण चौधरीको नेतृत्वमा ११ सदस्यीय, राजदेव नायकको नेतृत्वमा ११ मधेसी राष्ट्रिय मुक्ति मोर्चा, रामनारायण महराको नेतृत्वमा ११ सदस्यीय दलित मुक्ति मोर्चाको संयोजकत्वमा ११ सदस्यीय, लक्ष्मी महतोको नेतृत्वमा अखिल किसान महासंघको ११ सदस्यीय कमिटि र रामकिशोर दासको नेतृत्वमा क्रान्तिकारी युवा लिगको जिल्ला कमिटि निर्वाचित गरिएको छ ।

## संयुक्त...

“यही चैत १० गतेदेखि सुरु भएको एसईई परीक्षाको प्रश्नपत्र त्रुटिपूर्ण हुनु गम्भीर लापरवाही र प्रश्नपत्र बाहिरिनु सरकारको गैरजिम्मेवारीपन हो । यसले लाखौं विद्यार्थीको भविष्यमाथि ठूलो खेलवाड भएको छ । यस क्रियाकलापको घोर विरोध एवम् भत्सर्ना गर्दछौं । नैतिकताको आधारमा शिक्षामन्त्रीको राजीनामा र उक्त क्रियाकलापमा संलग्न दोषीउपर कडाभन्दा कडा कारवाही गर्नसमेत जोडदार माग गर्दछौं ।”

एसईईका प्रश्नपत्रहरूमा गम्भीर त्रुटीहरू भेटिइनुका साथै सामाजिक विषयको प्रश्न पत्र आउट भएकाले परीक्षा समेत् स्थगित हुन पुगेको छ । त्यसपछि आक्रोशित हुन पुगेका विद्यार्थीहरू विरोधका लागि सडकमा समेत् उत्रिएका छन् ।

यसले देशको शैक्षिक अवस्था कति गैर जिम्मेवार र अलपत्र अवस्थामा रहेको छ भन्ने कुरा प्रष्ट देखाएको छ ।

संयुक्त विज्ञप्तिको अन्त्यमा ‘संय’क्त प्रतिपक्षी विद्यार्थीको आयोजनामा चैत १५ गते गर्ने भनिएको कार्यक्रम विशेष कारणवस स्थगित भएकाले उक्त कार्यक्रम चैत २० गते १ बजे राष्ट्रिय सभागृहमा गर्ने निर्णय गरिएको’ जानकारी पनि गराइएको छ ।

संयुक्त विज्ञप्तिमा अखिल (क्रान्तिकारी) का अध्यक्ष हरिकृष्ण गजुरेल, अखिल (क्रान्तिकारी) का अध्यक्ष आलोक रायमाझी, अखिल नेपाल विद्यार्थी युनियनका प्रमुख प्रवीण मिश्र, अनेरास्ववियु (पाँचौं) का अध्यक्ष घनश्याम मिश्र, अखिल (क्रान्तिकारी) का अध्यक्ष चिरञ्जिवी ढकाल, नेविसंघका पूर्वउपाध्यक्ष ऋषिकेशजंग शाह, समाजवादी विद्यार्थी फोरमका अध्यक्ष विवेक राई, राष्ट्रिय विद्यार्थी संघका महासचिव रञ्जित निष्पक्ष, नयाँ शक्ति विद्यार्थी युनियनका अध्यक्ष श्यामबाबु गौतम, राष्ट्रवादी विद्यार्थी संघका अध्यक्ष ताराप्रसाद अर्याल, नेपाल आदिवासी जनजाति विद्यार्थी महासंघका अध्यक्ष दुजाङ शेर्पाले हस्ताक्षर गरेका छन् ।

यस वर्षको माध्यामिक शिक्षा परीक्षा (एसईई) मा कुल चार लाख ७५ हजार तीन परीक्षार्थी सहभागी छन् । गत २०७४ सालमा चार लाख ६३ हजार सात सय परीक्षार्थी सम्मिलित भएका थिए । यस वर्ष नियमिततर्फ चार लाख ५० हजार १८६ परीक्षार्थी सहभागी छन् । देशभर एक हजार ९६९ परीक्षा केन्द्र रहेका छन् । परीक्षा सफलतापूर्वक सम्पन्न गर्नका लागि भनेर ७२ हजार ६७१ जनशक्ति परिचालित गरिएका छन् । तीमध्ये सुरक्षाकर्मीमात्र २९ हजार ५३५ रहेका छन् ।

राष्ट्रियता, जनतन्त्र, जनजीविका, युवाहरूलाई बेचविखन गर्ने काम भएको छ । युवाहरूलाई वक्तव्यभित्र प्रशिक्षणात्मक ढंगले जनप्रदर्शन ।

## भाषणले....

बदनाम गरेको उनको आरोप थियो । सरकारले क्रान्तिकारीहरूलाई दमनको प्रक्रिया अगाडि बढाएको भन्दै उनले आपत्ति जनाएका थिए ।

प्रधानमन्त्रीले शब्द शैयूयामा सुतेर समृद्धिको नारा दिएको भन्दै उनले अहिले लगानी सम्मेलनमा प्रधानमन्त्री नयाँ शब्द चयनमा मात्र लागेको बताए । प्रधानमन्त्रीले आफ्ना कुरा मात्रै गर्ने भन्दै किरणले कुरा नै गर्ने हो भने पनि उनले नेपालको विकास कहाँ पुर्‍याए ? पानीजहाज कहाँ घुमिरहेको छ ? रेलगाडी कहाँ कुदिरहेको छ ?

महासचिव किरणले व्यंग्य गर्दै भने- अहिले लगानी सम्मेलनमा नयाँ शब्द ल्याइएको छ, भर्जिन ल्याण्ड (कुमारी भूमि) । त्यो भर्जिन ल्याण्डमा लगानी देशका मान्छेले गर्ने हो कि विदेशीहरूले ? नेपालको प्रगतिका लागि प्राथमिकता स्वदेशी लगानीलाई दिनुपर्ने भन्दै उनले विदेशीलाई मात्रै बोलाएर विकास ओइरिने र समृद्धि हुने होइन भनी प्रष्ट पारे ।

नेपालमा विकास र समृद्धिका लागि विरोधका स्वरहरूलाई सरकारले समाधान गर्नुपर्ने उनको सुझाब छ । सत्तारुढ नेकपालाई नाम फेर्ने समेत उनले आग्रह गर्दै उनले भने- आफ्नो विचार, सिद्धान्त छोडेर हिंडेर सत्तास्वार्थमा अल्झिने, कांग्रेस लगायतका अन्य पार्टीका जस्तै गतिविधि गर्ने भएपछि किन नेकपा नाम राख्ने, सोसयल डेमोक्रेटिक पार्टी राखे हुन्छ । सरकार दुईतिहाईको दम्भ बोकेर तानाशाही बाटोमा हिंडेको ठोकुवा गर्दै उनले सरकारले गरेका पछिल्ला तीनवटा घटनाले त्यसलाई पुष्टि गरेको बताए ।

महासचिव किरणले रेशम चौधरीहरूलाई आजीवन काराबासको सजाय, सिके राउतसँग गरिएको संझौता र जनमतसंग्रहको कुरा र विप्लव नेकपा मागि गरिएको प्रतिबन्ध प्रकरणका बारेमा सरकारसँग स्पष्ट जवाफको माग गरे । उनको थप भनाइ थियो- सिके राउतसँग अचानक सहमति गर्ने, रेशम चौधरीलाई जेल हाल्ने अनि विप्लव नेकपालाई प्रतिबन्ध लगाउने कामहरू गर्नु गलत हो ।

देशको राष्ट्रिय सार्वभौमसत्ता झन् संकटमा परेको भन्दै उनले सरकार कुनै कुरामा गम्भीर नभएको गुनासो पनि गरे । दुईतिहाईको दम्भ बोकेको यो सरकार फासीवादमा प्रवेश गरेको उनको दाबी छ । देशमा भ्रष्टाचार बढ्दो छ, जनतन्त्रको मुद्दा संकटमा छन्, राष्ट्रियता हराएको भन्दै सबै गम्भीर हुनुपर्ने बताए । उनको जोड थियो- एउटा उत्तम विकल्प भनेको क्रान्तिकारी परिवर्तन हो, आमूल परिवर्तन गरेर नयाँ ढंगले अघि बढ्ने हो । यदि यो दिशा कमजोर भए अर्को पुनरुत्थान तर्फ देश अघि जान बेर छैन ।

उनले थपे- हो, हामीले त वैकल्पिक शक्ति तयार पारेर देश क्रान्तिकारी परिवर्तन गरेर अगाडि बढाउने हो । विप्लब लगायतका पार्टीसंग एकताको प्रसंगमा महासचिव किरणले विप्लव नेकपासँग पार्टी एकता सफल नभएको र अहिले ततकाल एकताका लागि कुनै पनि तयारी नभएको बताए ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१
पुष्प- ९८५१०४३३२८, ९८०८४६११०६
बिक्की शर्मा गुरागाँई- ९८५११९५८८९
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी- ९८५२०६०२५४
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर | गाईघाट सम्पर्क नम्बर
[illegible]

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

रुद्रताल यातायात प्रा.लि.
ढोरपाटन-१, बुर्तिवाङ, बाग्लुङ

सुमो दिवा सेवा
बुर्तिवाङ, खरवाङ, हतिया, बाग्लुङ, पोखरा हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नं. ९८१०२५१८६३
बुर्तिबाङ सम्पर्क ९८१०२५१८६४
सुझाव र सल्लाहको लागि ०१-४३५२२२२ र ९८५१०४९९५१

सेवाहरू
बुर्तिबाङ-काठमाडौं दैनिक सेवा सहित घर-घरमा पुर्‍याउने व्यवस्थाको साथै नेपालभित्रको जुनसेकै गन्तव्य स्थलको धार्मिक यात्रा, शैक्षिक भ्रमण, निजी पारिवारिक भ्रमणका लागि गाडी चाहिएमा सम्पर्क राख्नुहोला ।

हिमाल-तराई यातायात सेवा समिति

यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्ज्याङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।

टाटासुमो बोलेरो
(रिजर्भ चाहिएमा)
०४७-५२११६९ सिन्धुली
९८४१०१६०४९ ढकाल बाजे
९८६०१०२७३८ विश्व
९८४४२५२३८५ सानोभाई
९८४११०६९६७ संजीव
९८४५७८४३०७ प्रदीप
०१-५१००४९४ कोटेश्वर
९८४४००८४०० लाल बहादुर

रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५, ९८४४०७६२६१, ९८३१२८४३०

## आलोपालो

# शहीद शारदालाई सम्झँदा



● पूर्णबहादुर अधिकारी

इतिहासका गर्भमा धेरै कुराहरू बिलीन भएर गए, धेरै आफन्तहरू गए । धेरै परिचितहरू गए, अपरिचितहरू त कति गए कति ? मायामोहका कारण आफन्तहरू र परिचितहरूको सम्झना भने लामो समयसम्म बसिरहँदो रहेछ । बेला बखत ती आफन्त र परिचितहरूको सम्झना हुँदा मुटु गाँठो परेर आउँछ । नमिठो पीडाले मनलाई छुन्छ र आँखाका डिलडिलबाट आँशु पोखिन खोज्छन् ।

त्यस्ता थुप्रै आफन्त र परिचितहरूमध्ये केहीको अनुहार र हाउभाउ अहिले पनि मेरो मनको क्यानभासमा जीवन्त बनेर आउँछन् । तिनका जीवन्त चपलताले मन एकतमासको भएर आउँछ । तिनको चपलता यथार्थ हो कि आफ्नो निरीह जीवन यथार्थ छुट्याउन पनि गाह्रो हुन्छ । २०५२ सालको फाल्गुण १ गत ने.क.पा.(माओवादी)ले आमूल परिवर्तनका लागि आम जनसमुदायलाई आफ्नो अभियान, क्रान्तिमार्गमा अग्रसर हुन आह्वान गरेको थियो । उक्त अभियानमा दलाल, पुँजीवादीहरूको सरकारले भीषण दमन अभियान चलाएर धेरै कार्यकर्ता र समर्थकहरूलाई पक्राउ गर्यो र हत्या गर्‍यो ।

तैपनि क्रान्ति अभियानको ज्वाला निभेन, झन् देश भरि दन्किँदै अघि बढ्यो र त्यसको ताप र राप विश्वयब्यापी बन्यो ।जतिजति जनयुद्ध व्यापक र जनसमुदायको मुटु बन्दै गयो त्यति त्यति क्रान्तिका लागि वा दासताबाट मुक्तिका लागि अग्रसर हुनेहरूको हत्या हुन थाल्यो र त्यस्ता व्यक्तिहरूमाथि दमन पनि बढ्दै जान थाल्यो । यो क्रान्ति र दमनको आगोले नछुने परिवार कोही भएन । समर्थन वा विरोधमा कुनै न कुनै तरिकाले सबै नेपाली संलग्न भए । माओवादी दल जनमुक्ति सेना गठन गरेर, जनमुक्ति अभियानलाई राजनीतिक र सैनिक दुबै तरिका प्रयोग गरेर अघि बढ्दै गयो भने सरकार र त्यसका पक्षधर शक्तिहरू पनि साम, दाम, दण्ड, भेद सबैखाले तरिका अपनाएर क्रान्ति अभियानलाई समाप्त गर्न अग्रसर रहे ।



माओवादी जनयुद्ध विश्वब्यापी बन्दै गएको आभास हुन्थ्यो । विश्वका ठूला शक्तिहरू विशेष गरेर अमेरिका पनि नेपालको जनयुद्धबाट तर्सेको थियो । आफूलाई प्रजातन्त्रको मसिहा ठान्ने उसले नेपालको निरङ्कुश तानाशाह ज्ञानेन्द्रलाई पैतालादेखि टुप्पीसम्मको बल लगाएर सहयोग गर्‍यो । माओवादीको क्रान्तितर्फको निरन्तरता र सरकारको निरन्तर दमनका बीचमा १३ र १४ हजार नेपाल आमाका छोराछोरीले आफ्नो प्राणको आहुति दिनुपर्‍यो ।

निम्नवर्गीय जनताले आफूमाथि निरन्तर झुण्डिरहेको शोषण दमनको तरवार आफूमाथिबाट सधैंका लागि हटाउने प्रयास गर्न पनि कति महङ्गो पर्दो रहेछ भनेर दिखँदै थियो । साथै उच्च वर्गका मान्छेहरू आफ्नो स्वर्ग गुम्ला भन्ने डरले कतिसम्म बर्बर राक्षस बनेर युगौंदेखि चुसिएका मरन्च्याँसे निरीह जनताको रगत पिउँदा रहेछन् भनेर पनि देखियो । यस्तै निरन्तर सङ्घर्ष र दमनका क्रममा निरङ्कुशताका हतियारहरूले निर्ममतापूर्वक मारेका हजारौं जनताका छोराछोरीमध्ये शारदा श्रेष्ठ पनि एक थिइन् । २०३२ सालमा चितवनको ईन्द्रपुरीमा जन्मेर फूलबारीमा हुर्केकी शारदा श्रेष्ठ उमेरले मेरी छोरी समानकी थिइन् ।

रामपुरका जनकलाकार खुसीराम पाखिनले सङ्गठित गरेको जनगीत सङ्गित सङ्गठन 'सामना परिवार'मा सामेल भएर विशेष जनसभाहरूमा र जनताको घर दैलोमा मीठो स्वर र नृत्यमा पुतली झैं फुरफुर नाचेर देखा पर्ने शारदा श्रेष्ठ शोषित पीडित जनताका आँखाको नानी बनेकी थिइन् । उनको राजनीतिक र कलात्मक चेतना दुबै उच्च बन्दै गइरहेको थियो ।

उनी नाच्न र गाउन मात्र सिपालु थिइनन्, चेतनाहीनताको अँध्यारोमा रुमलिरहेका जनताको चेतनाका आँखा खोल्न उनका सुमधुर गीत, वक्तव्य र कुराकानी पनि त्यत्तिकै प्रभावकारी हुन्थे । उनको रानीतिक व्यक्तित्व जसरी उठ्दै थियो, त्यसरी नै उनी निरङ्कुश शासक र जनताका शत्रुका आँखाको कसिङ्गर पनि बन्दै गइरहेकी थिइन् ।

फलस्वरूप उनी पटक पटक गिरफ्तार हुँदै हिरासत र जेलका यातना सहन गर्न बाध्य भइन् । जस्तोसुकै यातनामा पनि उनी गलिनन् । शत्रुसँग झुकिनन् ।जेलबाट निस्केपछि पनि फेरि पार्टीको युद्ध अभियानमा लागिरहिन् । यसै क्रममा तनहुँको कार्यक्षेत्रमा खटिएका बेला निरङ्कुशताका हतियार शाही सेनाको फन्दामा परिन् । २०६१ साल असार २९ गते घृणित बलात्कार र निर्मम यातनापछि ती मानवरूपी शरीरका तर मानव मुटु नभएका हत्याराहरूले नेपाल आमाकी महान् छोरीको तनहुँको भिमादमा पाशविक हत्या गरे । उनको हत्याले सिङ्गो देश रोयो । हामी सम्पूर्ण परिचितहरूको मुटु छियाछिया भयो ।

यतिका वर्ष भयो, उनको हत्या भएको पनि अहिले पनि मेरो मन मस्तिष्कमा उनको सानो शरीर, साँवलो रङ्ग, हँसिलो अनुहार अगाडि ठिङ्ग उभिरहेको हुन्छ र केही कुरा सोध्न खोजिरहेजस्तो लाग्छ- "खोई त क्रान्तिको प्राप्ति ? हामी त मारिइहाल्यौं, बाँच्ने तपाईंहरूले मुक्ति युद्धलाई कुन टुङ्गोमा पुर्‍याउनु भयो ? अब जनताका सुखका दिन आए त ?" उनका यी प्रश्नहका अगाडि म लाटो भएँ, मैले केही उत्तर दिन सकिन । मसँग उनका प्रश्नको चित्त बुझ्दो उत्तर थिएन । के उत्तर दिएर उनको चित्त बुझाउने मैले । म नतमस्तक भएँ उनका अगाडि ।

उनका प्रश्न का अगाडि मैले लाचार भएर भन्नु पर्‍यो- "ए महान् आत्मा ! नेपाल आमाकी महान् छोरी ! ! तिम्रो शहादतपछि पार्टीको केन्द्रीय समितिले चुनवाङ बैठक गर्‍यो । बैठकले निरन्तर युद्ध र आमूल परिवर्तनको दिशालाई त्यागेर जनसङ्घर्ष र शान्तिपूर्ण बाटो लियो । हिजोका शत्रुलाई आज मित्रवत् व्यवहार गर्नुपर्‍यो । अब वर्गसङ्घर्षका कुरा गौण र ज्ञानेन्द्रसँगको व्यक्ति सङ्घर्ष मुख्य बन्यो । ज्ञानेन्द्रले सत्ता सङ्घर्षमा गलहत्याएका शक्तिहरू अब माओवादीका बन्दुकको आड लागेर, ज्ञानेन्द्रमाथि ...बाँकी ७ पेजमा




# चैत्र ३० गते क.कृष्णदासको श्रद्धाञ्जलीसभा गरिने



काठमाडौं । कृष्णदास श्रेष्ठ फाउन्डेसनले चैत्र ३० गते कमरेड कृष्णदास श्रेष्ठको श्रद्धाञ्जली सभा गर्ने भएको छ । फाउन्डेसनको हालै बसेको बैठकले चैत्र ३० गते प्रज्ञा भवन कमलादीको प्रवचन कक्षमा श्रद्धाञ्जली सभा गर्ने निर्णय गरेको छ ।

प्राप्त समाचार अनुसार श्रद्धाञ्जली सभामा नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण', पूर्व प्रधानमन्त्री तथा डबल नेकपाका नेताहरू झलनाथ खनाल, माधवकुमार नेपाल, पुष्पकमल दाहाल'प्रचण्ड', वयोवृद्ध नेता विष्णुबहादुर मानन्धर, मोहनविक्रम सिंह, सीपी गजुरेल, सिपी मैनाली, लोकनारायण सुवेदी, स्वनाम साथी, लोककृष्ण भट्टराईलगायतका नेताहरू उपस्थित रहने फाउन्डेसनले जनाएको छ ।

कमरेड कृष्णदास श्रेष्ठकी जीवन संगिनी अर्थात् कृष्णदास फाउन्डेसनकी अध्यक्ष महालक्ष्मी श्रेष्ठका अनुसार सबै फाउन्डेसनका प्रमुखहरू, वाम बुद्धिजीवीहरू, लेखक तथा पत्रकारहरूको समेत श्रद्धाञ्जलीसभामा उपस्थिति रहनेछ । कार्यक्रम दिनको १ बजेबाट सुरु गरिने बताइएको छ ।




नव वर्ष २०७६ को
उपलक्ष्यमा देशविदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

मेयर
सन्तोष चालिसे

उपमेयर
शान्ति नेपाल

गोकर्णेश्वर नगरपालिका परिवार
काठमाडौं

नव वर्ष २०७६ को शुभकामना !
लालीगुराँस नगरपालिकाको पहिचानको रूपमा रहेको लालीगुराँस क्षेत्रको संरक्षण गरौं । कुनै पनि बहानामा हुने लालीगुराँस फडानी कार्यलाई रोकौं, घरपालुवा पशुको चरन नबनाऔं । मनोरम र पर्यटकीय स्थल बनाउन योगदान गरौं । यस क्षेत्रमा आउने पर्यटकहरूसँग सद्भावयुक्त र मैत्रीपूर्ण व्यवहार गरौं ।

मेयर
अर्जुन मायोहाङ

लालीगुराँस नगरपालिका परिवार
बसन्तपुर, तेह्रथुम

नव वर्ष २०७६ को
उपलक्ष्यमा देशविदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

मेयर
सञ्जयकुमार तुम्वाहाङ्फे

म्याङलुङ नगरपालिका परिवार
तेह्रथुम




प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : सचिरनन्द महर्जन, फोटो: जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।